जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ४० • २०८१ साल असार १४ गते शुक्रबार (28 June, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मधेश प्रदेशको बजेटमा भारी त्रुटि भएको सरकारको स्वीकारोक्ति

## पुनर्लेखन गर्नुपर्ने विपक्षीको माग, सांसदहरुको सुझाव सम्बोधन गरिने अर्थमन्त्रीको कथन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले सार्वजनिक गरेको बजेटलाई संशोधन गर्ने भएको छ । मुख्यमन्त्री सतीश कुमार सिंहले बिहीबार बोलाएको सर्वदलीय बैठकमा बजेटमा त्रुटि भएकोले सुधार गर्न सहमति खोजेका छन् ।

जनमत पार्टीले बजेट समान रुपमा वितरण भएको दाबी गरिरहेकै बेला मुख्यमन्त्री सिंहले बजेटमा गम्भीर त्रुटि भएकाले संशोधन गर्न विपक्षी दलहरुको साथ खोजेका छन् ।

सांसदहरुको योजना बजेटमा समावेश हुन नसकेको स्वीकार गर्दै सरकारले अनधिकृत व्यक्तिहरुलेसमेत योजना प्रविष्ट गरेको स्वीकारेको छ ।

बजेट निर्माणको क्रममा पर्याप्त समय नभएको र कर्मचारीहरुले बदमासी गरेको बताउँदे अर्थमन्त्री भरतप्रसाद साहले भने, सर्वदलीय बैठकमा सांसदहरुले दिएको सुझावलाई बजेटमा सम्बोधन गरिनेछ ।

'मन्त्रालयहरुको मेन सिस्टममा नै प्रवेश गरी केही कर्मचारीहरुले योजनाहरु प्रविष्ट गरेको पाइएको छ ' उनले भने, बजेट सार्वजनिक भएपछि कमी कमजोरीहरु फेला परेको हो । सुधारका लागि सबै दलका सांसदहरु सकारात्मक रहेकाले बजेट पारित हुनु अगावै सुधार गरिने उनले बताए ।

बजेटमा हाल प्रत्यक्ष सांसद ६४ जनालाई निर्वाचन क्षेत्र विकासका लागि ५ करोडको दरले र समानुपातिक सांसद ४३ जनालाई जनही डेढ करोडको दरले विकास रकम विनियोजन गरिएको छ ।

तर सर्वदलीय बैठकमा सहभागी सांसदहरुले संसदीय विकासका लागि १० अर्ब रुपैयाँ विनियोजन गर्नुपर्ने माग राखेका छन् । सरकारले नै बजेटमा भारी त्रुटि गरेको स्वीकार गरिसकेपछि नैतिक रुपमा जिम्मेवारी लिनुपर्ने बताउँदै नेपाली कांग्रेस संसदीय दलका नेतासमेत रहेका पूर्वमन्त्री कृष्णा कुमार यादवले बजेट पुनर्लेखन गर्नुपर्ने माग गरे । सरकार जनताप्रति उत्तरदायी नभएको उल्लेख गर्दै विचौलियालाई योजना र बजेट चलाउने अवसर दिएको उनले बताए ।

'सांसदहरुको भावनालाई समेटेर बजेट पुनर्लेखन नभए संसदबाट पारित हुन दिने छैनौ ' उनले भने, सरकारको मातहतमा रहने बजेट निर्माणको सिस्टममा अवैध रुपमा प्रवेश गरी योजना प्रविष्ट गर्नु सरकारको ठूलो कमजोरी देखिएको छ । सरकारले आफ्ना कमजोरीहरु ढाकछोप गर्न अनेक बहानाबाजी गरेको उनले आरोप लगाए ।

सरकारले सार्वजनिक गरेको रेडबुक प्रदेश सभा सांसदहरुको हातमा पुग्नु अगावै जन-जनको हातमा पुगिसकेको छ । मुख्यमन्त्री सिंहले विगतको सरकार जस्तो चिया पसल, रेष्टुरेन्टमा योजना खरिद बिक्री कारोबार हुने अवस्था नरहेको दाबी गरेका थिए ।

तर नेपालको संघीय इतिहासमा सरकारले बजेटलाई पुनर्लेखन गर्न सर्वदलीय बैठकमा सहमति जनाउनु निरीहता भएको जनता समाजवादी पार्टी( जसपा)नेपालका प्रमुख सचेतक रामअशिष यादवले बताए ।

बजेट पुनर्लेखन सम्भव नभएको बताउँदै अर्थमन्त्री साहले सांसदहरुको मागलाई बजेटमा सम्बोधन गरिने बताए । संसदीय विकास कोषका लागि बजेट प्रत्यक्ष रुपमा नदेखिए पनि अब सरकारले १० अर्ब विनियोजन नगरे पास गर्न मुश्किल हुने संकेत देखिएको छ ।

प्रदेश सभामा सरकारलाई ५४ सांसदको समर्थन रहेको छ । विपक्षमा ५० सांसद छन् । एकजना मात्रले सरकारको साथ छोड्दा सरकार ढल्ने उच्च जोखिम छ ।

चालु आर्थिक वर्षको ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रुपैयाँ बजेट रहेको छ ।

## मुख्यमन्त्रीले राजीनामा दिनुपर्छ :पूर्व मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले ल्याएको बजेटमा व्यापक त्रुटि भएको स्वीकार गरेका मुख्यमन्त्री सतीश कुमार सिंहले नैतिक रुपमा राजीनामा दिनु पर्ने पूर्व मुख्यमन्त्री सरोजकुमार यादवले माग गरेका छन् ।

पूर्वमुख्यमन्त्री यादवले भने, 'बजेट बनाउन र त्यसको मर्यादालाई जोगाउन सरकार पूर्ण रुपमा विफल भएको छ ' उनले भने, सरकारी सिस्टम ह्याक्कगरी बर्दिबास, वीरगञ्ज लगायत मन्त्रालय बाहिरबाटपनि बजेटमा योजना प्रविष्ट हुनु ठूलो अपराध हो ।

सरकारको भनाइ र गराइमा तारतम्य नरहेको आरोप लगाउँदै पहिलो पटक ल्याएको बजेटमै असफल भएको सरकारले जनहितमा काम गर्न नसक्ने उनले दाबी गरे ।










# ‘पुस्तकालयसम्बन्धी ऐन, कानुन बनाउन सरकारले सहयोग गर्ने’

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरिले पुस्तकालयसम्बन्धी ऐन, कानुन निर्माणका लागि सरकारले सहयोग गर्ने बताउनुभएको छ ।



‘पुस्तौँ पुस्ताका लागि पुस्तकालय’ भन्ने मूल नाराका साथ विहिबारदेखि सुरु भएको सार्वजनिक तथा सामुदायिक पुस्तकालयको प्रथम बागमती प्रदेश सम्मेलनको उद्घाटन गर्दै उहाँले पुस्तकालय व्यवस्थापनका क्षेत्रमा आवश्यक ऐन, कानुन निर्माणका लागि सरकारले सहयोग गर्ने बताउनुभएको हो ।

“देशभरका पुस्तकालयलाई एकैलयमा सञ्चालन गर्न आवश्यक पर्ने ऐन, कानुनको ड्राफ्ट शिक्षा मन्त्रालयले निर्माण गर्छ, त्यसलाई अन्तिम रुप दिन कानून मन्त्रालयले सहयोग गर्छ”, मन्त्री गिरिले भन्नुभयो । पुस्तकालयलाई समयसापेक्ष रुपमा प्रविधिमैत्री बनाएर अगाडि लैजानुपर्ने उहाँको धारणा थियो । पछिल्लो समय पुस्तकालय गएर पढ्ने संस्कृति हराउँदै गएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । सामाजिक सञ्जालमा लेखेको भरमा धारणा र दृष्टिकोण बनाउने परिपाटी हुनु दुःखद भएको उहाँको भनाइ थियो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्दराज पोखरेलले पुस्तकालय किताब राख्ने र पढ्ने थलो मात्र नभएर सभ्यतासमेत भएको उल्लेख गर्नुभयो । “पुस्तकालय पढ्ने संस्कृतिको विकास हो, यसले संस्कृति र सम्पदाको संरक्षणसमेत गरेको छ”, उहाँले भन्नुभयो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव यादवचन्द्र निरौलाले नेपालको पुस्तकालयको इतिहास दुई सय १३ वर्ष पुरानो भए पनि पुस्तकालयको जुन हिसाबले विकास हुनुपर्ने त्यो नभएको बताउनुभयो ।

नेपाल सामुदायिक पुस्तकालय सङ्घका अध्यक्ष सन्तोष रावल, संस्थापक अध्यक्ष बासु ढुङ्गानालगायतले देशभरका पुस्तकालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न पुस्तकालयसम्बन्धी ऐन, कानुनको आवश्यकता रहेकोमा जोड दिनुभयो । गीवार्ण विक्रम शाहको पालादेखि नेपालमा पुस्तकालयको सुरुवात भएको मानिन्छ । राज्यले एक स्थानीय तह, एक पुस्तकालय अभियान घोषणा गरेपनि उक्त अभियान कार्यान्वयन हुन नसकेको नेपाल सामुदायिक पुस्तकालय सङ्घका महासचिव राजेन्द्रप्रसाद पाण्डेयको भनाइ छ । उहाँले केही पुस्तकालयका कारण सदियौँदेखि सञ्चालन हुँदै आएका पुस्तकालय ओझेलमा पर्दै गएको बताउनुभयो ।रासस

# मन्त्रीले सांसद पर्खनुपर्दा ...

काठमाण्डु । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका गणपूरक सदस्यहरु निर्धारित समयमा उपस्थित नहुँदा विहिबारको बैठक एक घण्टापछि सुरु भयो ।

बैठकका लागि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ भने ठिक समय (बिहान ७:३०) बजे समितिको सभाकक्ष, सिंहदरबारमा उपस्थित हुनुभएको थियो ।

निर्धारित समयमा २४ सदस्यीय समितिका सभापति अम्बरबहादुर थापासहित छ सांसद मात्रै उपस्थित भएपछि मन्त्री र सांसदहरुको समय मिलाउन आफूलाई हम्मेहम्मे पर्ने गरेको दुःखेसो गर्नुभयो ।

“म यो विधेयक छिटो पारित गरेर विद्यालय शिक्षासम्बन्धी विधेयकमा छलफलमा जाउँ भन्ने सोचेको हो तर सोचे जस्तो भइरहेको छैन ।'', सभापति थापाले भन्नुभयो, “समयप्रति सबैले उत्तिकै चासो र गम्भीरता देखाउन आवश्यक छ ।''


समितिको विहिबारको बैठकमा उक्त प्रस्तावित विश्वविद्यालयका लागि कुलपति प्रधानमन्त्री राख्ने नराख्ने, उपकुलपतिका



अधिकार कसरी व्यवस्थित गर्ने भन्ने लगायत विवाद भएको थियो । उक्त विवादलाई आपसी छलफल गरेर सहमतिको खाका पेस गर्न समितिले सदस्य विद्या भट्टराईलाई जिम्मेवारी दिएको छ । राष्ट्रियसभाबाट पारित सो विधेयकको दफा २८ सम्म छलफल भएको छ ।रासस

बैठक सुरु हुनसकेन । ‘नेपाल विश्वविद्यालय सम्बन्धमा व्यवस्था गरेको विधेयक’माथिको छलफलका लागि राखिएको बैठकमा १० :३० बजेपछि समितिका लागि शिक्षामन्त्री श्रेष्ठले आफ्नो अन्यत्र बैठक रहेकाले जान अनुमति माग्दा सभापति थापाले

# पथलैया–हेटौँडा सडक एक साताभित्र तयार हुँदै



वीरगञ्ज । पथलैया-हटौँडा सडक खण्डअन्तर्गत आधाभार क्षेत्रमा निर्माणाधीन दुई किलोमिटर दूरीको सडक एक साताभित्र तयार हुने भएको छ । सडक डिभिजन कार्यालय हेटौँडाले उच्च भारवहन क्षमताको उक्त सडक एक साताभित्रै कालोपत्र सम्पन्न हुने जनाएको हो ।

कार्यालयका सूचना अधिकारी रमेश पाण्डेले पथलैया-हेटौँडा खण्डमा वीरगञ्ज भन्सार कार्यालय हुँदै आउने अत्यधिक भारका मालबाहक सवारीसाधनले सडक धसिने समस्याको अन्त्य गर्न पहिलो चरणमा दुई किमी खण्डमा नमुना सडकका रुपमा स्तरोन्नति गर्न लागेको बताउनुभयो ।

“यो खण्डमा अत्यधिक भारका सवारी सञ्चालन हुने भएकाले सडक धसिने समस्या देखिँदै आइरहेको छ । पहिलो चरणमा पथलैया-हेटौँडा खण्डको आधाभार क्षेत्रमा नमुना सडक स्तरोन्नति अगाडि बढाएका थियौँ”, सूचना अधिकारी पाण्डले भन्नुभयो, “अहिलेसम्म दुई लेनको एक हजार दुई सय मिटर सडक तयार भइसकेको छ । बाँकी आठ सय मिटर पहिलो चरणमा कालोपत्र (डिबिएम) भइसकेको छ । दोस्रो चरणको अस्फास्ट कालोपत्र गर्ने काम दुई/तीन दिनभित्रै सम्पन्न गर्ने लक्ष्य राखेका छौँ ।” उहाँले वर्षा सुरु भएर पानी पर्न थालेकाले पनि केही दिन काम प्रभावित भइरहेको बताउनुभयो ।

यो खण्डको सडकको भौतिक प्रगति ८० प्रतिशत भइसकेको छ । गत माघ २२ गते सडक डिभिजन हेटौँडा र चौधरी निर्माण सेवाबीच ठेक्का सम्झौता भएको थियो । यो आयोजनाको लागत रु चार करोड १२ लाख १७ हजार तीन सय ४८ रहेको छ । ठेक्का सम्झौता अनुसार गत जेठ ३० गतेभित्रै निर्माण सम्पन्न हुनुपर्नेमा निर्माण व्यवसायीको ढिलासुस्तीका केही समय ढिला भएको सूचना अधिकारी पाण्डको भनाइ छ । उहाँले यो प्रविधिको कालोपत्र गर्दा सडक लामो समयसम्म दिगो र टिकाउ हुने दाबी गर्नुभयो ।

“हामीले परीक्षणको क्रममा भिएस ४० ग्रेडको बिटुमिन प्रयोग गरेर सडक कालोपत्र गर्दैछौँ । यो सडक कालोपत्र राम्रो भएको खण्डमा अन्य ठाउँमा पनि विस्तार गर्ने योजना छ”, सूचना अधिकारी पाण्डले भन्नुभयो, “यो खण्डको सडक पहिलो चरणमा डिबिएम कालोपत्र र दोस्रो चरणमा अस्फास्ट कालोपत्र गरिनेछ । यो प्रविधिले सडक भासिने समस्याको पनि अन्त्य गर्ने विश्वास गरेका छौँ ।”रासस

# सार्वजनिक निकायबाट सूचना लिन गाह्रोः प्रमुख आयुक्त गुरुङ

काठमाण्डु । राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सार्वजनिक निकायबाट सूचना पाउन नै गाह्रो हुने गरेको धारणा व्यक्त गर्नुभएको छ ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले विहिबार आयोजना गरेको ‘प्रमाणमा आधारित पत्रकारिताका लागि सूचनाको हक’ विषयक अन्तरक्रियाका क्रममा उहाँले सार्वजनिक निकायले सूचना नदिएपछि मागकर्ता आयोगमा पुनरावेदन लिएर आउने गरेको र आयोगको आदेशपछि सूचना पाउने अवस्था रहेको बताउनुभयो ।




बालमन्दिर, जुद्धोदय विद्यालयलगायत निकायमा पत्रकारले सूचनाको हक प्रयोग गरी सूचना सार्वजनिक गरेको उल्लेख गर्नुभयो । “मागकर्तालाई सूचना दिलाउन संवैधानिक निकायसँगै पनि हामी लड्नुपरेको छ, लोक सेवा आयोगले सूचना नदिएपछि माग अनुसारको सूचना दिन आदेश भएको छ, शिक्षक सेवा आयोगले पनि मागकर्ताले मागेको सूचना दिएको छैन, विराटनगरकी एक छात्राको उत्तरपुस्तिका साटफेर गरिएको घटना सूचना माग गरेर पाएको सूचनाकै आधारमा सार्वजनिक भएको थियो”, प्रमुख आयुक्त गुरुङले भन्नुभयो । सूचना माग गरेकै कारण गोकर्णेश्वरका छ जना नागरिक पक्राउ परेको घटनामा पनि आयोगको ध्यानाकर्षण भएको उहाँले बताउनुभयो । त्यस विषयमा जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई पत्र लेखी वास्तविकता माग गरिएको उल्लेख गर्नुहुँदै प्रमुख आयुक्त गुरुङले यससम्बन्धी निर्णय गर्न शुक्रबार आयोगको बैठक बस्ने जानकारी दिनुभयो । हाल छलफलमा रहेको शिक्षा विधेयकमा गोप्य राख्ने विषय समावेश नगर्न आयोगले पत्राचार गरेको उल्लेख गर्नुहुँदै उहाँले यसमा नागरिक संस्थाले पनि खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो ।

युवा अभियानकर्मीलाई झुटा मुद्दा लगाएकामा दाहालको आपत्ति नेपाल पत्रकार महासङ्घका पूर्वसभापति एवं सूचनाको हकका अभियानकर्मी तारानाथ दाहालले गोकर्णेश्वरका युवा अभियानकर्मीलाई सूचना मागेर भ्रष्टाचार एवं अनियमितताको विरोध गरेकै कारण झुटा मुद्दा लगाएर फसाउन खोजेकामा असन्तुष्टि व्यक्त गर्नुभयो । “गोकर्णेश्वरबाट पक्राउ परेका अभियानकर्मीका विषयमा सुरुमा प्रहरीले ठीकै गरेको होला भन्ने लागेको थियो, पछि मैले तीन दिन लगाएर खोजबिन गर्दा झुटा मुद्दा लगाएको पाइयो”, उहाँले दाबी गर्नुभयो ।

अभियानकर्मी दाहालले पत्रकारितामा सूचनाको हक बढी प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । सूचनाको हक प्रयोग गरेर प्राप्त भएका सूचनाका आधारमा लेखिएका समाचार प्रभावकारी देखिएको उल्लेख गर्नुहुँदै उहाँले मेलम्ची खानेपानी आयोजनामा आफूले मागेको सूचनाका आधारमा टक्सार म्यागेजिनले लेखेको समाचारले सबैकोध्यानतानेकोबताउनुभयो।आन्तरिक राजस्व विभागसँग कर छलीका विषयमा अध्ययन भएको प्रतिवेदन सूचनाको हक प्रयोग गरेर माग गरी सार्वजनिक गरेपछि अहिले रु १० अर्ब ७७ करोड राजस्व उठेको दाहालको भनाइ थियो ।

**प्रहरीको अनुसन्धान प्रमाणमा आधारित**


नेपाल प्रहरीका सह प्रवक्ता विश्व अधिकारीले प्रहरीको अनुसन्धान प्रमाणमा आधारित हुने गरेको उल्लेख गर्नुहुँदै प्रहरी वृत्त बौद्धले पक्राउ गरेका गोकर्णेश्वरका अभियानकर्मीका विषयमा पनि सूचना माग गर्न सकिने बताउनुभयो । जाहेरी परेपछि पक्राउ परेका अभियानकर्मीका विषयमा अहिले अनुसन्धान भइरहेको जानकारी आफूले पाएको कार्यक्रममा उहाँले सुनाउनुभयो । महासङ्घका अध्यक्ष उमीद बागचन्दले गोकर्णेश्वरको घटनामा सार्वजनिक भएको श्रव्यदृश्य सामग्रीका आधारमा घटना सुनियोजित भएको जिकिर गर्नुभयो । गोकर्णेश्वरको घटनाका विषयमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराउन जाँदा आयोगका अध्यक्षले यो घटनामा अभियानकर्मीलाई पक्राउ गर्नुपर्ने कारण नदेखेको उल्लेख गर्नुभएको उहाँले सुनाउनुभयो । दुई दिनभित्र अभियानकर्मीलाई नछाडे महासङ्घ कडा आन्दोलनमा उत्रन बाध्य हुने अध्यक्ष बागचन्दको चेतावनी थियो । सूचनाको हक प्रयोग गरेर खोजी समाचार सार्वजनिक गरी भ्रष्टाचार, अनियमितताजस्ता घटना बाहिर ल्याउने सीप पत्रकारमा बढाउन पनि महासङ्घले काम गर्ने उहाँको भनाइ थियो ।

गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले संविधानमा मौलिक हकका रुपमा रहेको सूचनाको हक कार्यान्वयनका लागि सरोकार भएका निकायले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा महासङ्घका सचिव पूर्णप्रसाद मिश्र, गोकर्णेश्वरमा सूचनाको हक प्रयोग गर्दा पक्राउ परेका व्यक्तिका परिवारका सदस्यहरु रिखीराम खत्री, उमा आचार्य, उमेश कार्की, सविना सुनार बराइली, शकुन्तला क्षेत्रीलगायतले सूचनाको हक निर्वाध रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# घरजग्गा कारोबार गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य

काठमाण्डु । सरकारले घरजग्गा खरिद बिक्री गर्नका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ । गृह मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै आगामी माघ १ गतेदेखि घरजग्गा किनबेचमा पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हो ।




अहिले क्रेता र बिक्रेताको नागरिकताबाट घरजग्गाको राजीनामा पास र लिखत पारित हुँदै आएको भए पनि माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रलाई सबै निकायतिर कार्यान्वयनमा ल्याउने उद्देश्य बमोजिम घरजग्गा किनबेचमा पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराइले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा ३ र १० को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा गरेका निर्णय समेटेर गृह मन्त्रालयले राजपत्रमा सार्वजनिक सूचना प्रकाशन गरेको छ, अब घरजग्गा किनबेचमा पनि राष्ट्रिय परिचयपत्र अनिवार्य पेस गर्नुपर्ने छ ।”

मन्त्रालयले माघ १ देखि बैंकिङ तथा वित्तीय सेवा, सामाजिक सुरक्षा कोष र घरजग्गा किनबेचसम्बन्धी सेवाका लागि पनि राष्ट्रिय परिचपयत्र अनिवार्य गरेको छ । विभिन्न जिल्लामा लागू हुने गरी सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, निवृत्तीभरण, राजस्व (व्यक्तीगत आयकर दर्ता), सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता तथा नवीकरणसम्बन्धी सेवा प्राप्त गर्न आगामी साउन १ देखि नै राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता भट्टराईले बताउनुभयो ।

उहाँका अनुसार आगामी माघ १ गतेदेखि सिमकार्ड लिन पनि राष्ट्रिय परिचयपत्र अनिवार्य पेस गर्नुपर्ने भएको छ । गृह मन्त्रालयले जारी गरेको सूचनाअनुसार सरकारी निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न अब नागरिकता प्रमाणपत्रको सट्टा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गर्नुपर्ने भएको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**वीरगञ्जको** विर्तास्थित हाटबजारमा आँप बिक्री गर्दै व्यापारी। पछिल्लो समय यहाँ कृषकले उत्पादन गरेको आँप सोझै बिक्रीवितरण पनि हुने गरेको छ। यहाँ प्रतिकिलोग्राम आँपको रु ६५ पाइने गर्छ। *तस्बिर : रासस*

# समयमै मल उपलब्ध गराउन र सडक निर्माण गर्न सांसदहरुको आग्रह

काठमाण्डु । प्रतिनिधिसभाको विहिबारको बैठकमा शून्य समयमा सांसदहरूले किसानलाई समयमै मल उपलब्ध गराउन तथा विभिन्न सडक निर्माण गर्न सरकारसँग आग्रह गरेका छन् ।

बैठकको शून्य समयमा बोल्दै सांसद विद्या भट्टराईले अछामको छाउगोठमा किशोरी बलात्कृत भएकी, ललितपुरमा धारामा पानी लिन जाँदा महिलामाथिको हिंसा र पोखराका स्पाहरूमा नाबालिकाको प्रयोगजस्ता घटनाका विषयमा अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई न्याय दिन सरकारसँग माग गर्नुभयो।

सांसद बिना लामाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बहालवाला मुख्यसचिवमाथि भ्रष्टाचारको मुद्दा दायर गरेको विषय उठाउँदै मुख्यसचिव नियुक्ति प्रक्रिया नै शङ्काको घेरामा रहेको बताउनुभयो ।सांसद विनिताकुमारी सिंहले मनसुन सुरु भएसँगै तराईका जिल्लामा सर्पदंशका घटना बढेका उल्लेख गर्दै विभिन्न स्थानका प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंशको उपचारको व्यवस्था गर्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद बिना जैसवालले सञ्चारमाध्यमले विभिन्न समस्या उठाइरहेका भए पनि सरकारी निकायले ती विषयमा अनुसन्धानका काममा गति दिन नसकेको बताउनुभयो । सरकारको सेवा प्रवाह नागरिकमैत्री हुन नसकेको र विद्यमान ऐन, कानुनको उचित पालना हुन नसकेको विषय उहाँले संसदमा उठाउनुभयो ।सांसद श्यामकुमार घिमिरेले वीर अस्पतालमा जनशक्ति अभावका कारण अति सघन कक्षका शैयया सञ्चालनमा आउन नसकेका विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले देशभरका सरकारी अस्पतालमा जनशक्ति अभाव रहेको बताउनुभयो ।

सांसद शान्ति विकले मुलुकको सार्वजनिक ऋण रु २४ खर्बभन्दा बढी पुगेको उल्लेख गर्दै 'बेल्ट एण्ड रोड इनिसिएटीभ' (बिआरआई)बाट ऋणभन्दा पनि अनुदान लिनुपर्ने धारणा राख्नुभयो ।सांसद शान्ति श्रेष्ठले बागमती करिडोरअन्तर्गत विभिन्न स्थानमा सडक निर्माणको काम रोकिएकामा त्यसलाई समयमै सम्पन्न गर्न माग गर्नुभयो । काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापन र सौन्दर्यकरणका काम प्रभावकारी हुन नसकेको उहाँको भनाइ छ ।

सांसद शिव नेपालीले यातायात व्यवसायीले भोग्नुपरेका समस्या संसद्मा उठाउनुभयो । सांसद शेरबहादुर कुँवरले वर्षायाममा बाढी, पहिरोका कारण बिजुलीका खम्बा ढल्ने र करेन्ट लागेर मृत्यु हुने घटना बढिरहेकमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा यसले समस्या निम्त्याएकाले परिचयपत्र बनाउन गाउँगाउँमा टोली खटाउन उहाँले सरकारसँग माग गर्नुभयो ।

सांसद शोभा ज्ञवालीले देशभर बाढी र पहिरोबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति दिन तथा घरबास गुमाएकालाई पुनर्वासको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।सांसद सन्तोष चालिसेले देशभरि बाढी, पहिरोको जोखिम बढेकाले दैवी प्रकोप नियन्त्रण, राहत तथा उद्धारका काम प्रभावकारी बनाउन माग गर्नुभयो । वीर अस्पताललाई भक्तपुरको दुवाकोटमा सार्न जग्गा अधिग्रहण गरिएको भए पनि त्यसको थप काम अघि बढ्न नसकेको उहाँले बताउनुभयो । सांसद सम्झना थपलियाले सिरहा र धनुषाका किसानले सुनकोशी मरिन डाइभर्सनबाट सिँचाइ सुविधा पाउन नसकेको विषय संसद्मा उठाउनुभयो ।सांसद सरस्वती बजिमयले वर्षायाम सुरु भएसँसै सडक अवरुद्ध भएको, धनजनको क्षति भएको तथा जोखिममा रहेका बस्ती स्थानान्तरण हुन नसकेकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सरिता भुसालले हुलाकी राजमार्ग निर्माणको काम अधुरै रहेकामा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

> सांसद शोभा ज्ञवालीले देशभर बाढी र पहिरोबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति दिन तथा घरबास गुमाएकालाई पुनर्वासको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद डा स्वर्णिम वाग्लेले तनहुँमा नेपाल विद्युत् प्राधिकरणअन्तर्गतका विभिन्न आयोजनामा जग्गाको विवाद र समस्या रहेको विषय उठाउँदै स्थानीयको माग सम्बोधन गर्न सरकारसँग आग्रह गर्नुभयो ।सांसद सीता मिजारले तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तिवको भावनाअनुसार काम हुन नसकेको र संविधानले परिकल्पना गरेअनुसार सङ्घीयता कार्यान्वयनमा अझै समस्या रहेको बताउनुभयो ।

सांसद सुशीला सिर्पाली ठकुरीले रजस्वला भएका महिलामाथिको विभेद अझै हट्न नसकेको विषय संसद्मा उठाउनुभयो । यस्ता कुरीति हटाउन र सामाजिक रुपान्तरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न उहाँले सरकारसँग माग गर्नुभयो ।सांसद सूर्यकुमारी श्रेष्ठले कोदोखेती बढाएर यसको उत्पादनलाई ब्राण्डिङ गर्न सरकारलाई सुझाव दिनुभयो । सांसद सूर्यप्रसाद ढकालले काठमाडौँ उपत्यकाका तीन जिल्लाको सवारी जाम व्यवस्थापन गर्न गृह मन्त्रालयको कस्तो योजना छ भन्दै सरकारसँग प्रश्न गर्नुभयो ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले प्युठानका स्वर्गद्वारीलगायतका पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न सरकार गम्भीर नदेखिएको बताउनुभयो ।सांसद सूर्यमान तामाङ (दोङ)ले वर्षेबाली लगाउने बेलामा किसानले मल नपाएको उल्लेख गर्दै समयमै मल आपूर्ति गर्न माग गर्नुभयो । सांसद सञ्जयकुमार गौतमले बर्दियामा बाढी र डुबानको समस्या व्यवस्थापन गर्न पर्याप्त बजेट विनियोजन हुन नसकेको बताउनुभयो ।

सांसद हर्कमाया विश्वकर्माले संसद्मा सांसदहरूले उठाएका विषयबारे सरकार र मातहतका निकाय गम्भीर हुन नसकेको बताउनुभयो। सांसद हितराज पाण्डेले गोरखाको अजिरकोट गाउँपालिकामा पर्यटकीय पूर्वाधार निर्माण र सहरी पूर्वाधार निर्माण गरिनुपर्ने बताउनुभयो ।सांसद हृदयराम थानीले विभिन्न स्थानीय तहका स्वास्थ्य कर्मचारीले तलब पाउन नसकेको विषय संसद्मा उठाउनुभयो ।

सांसद ज्ञानु बस्नेत सुवेदीले एसइई परीक्षामा ५२ दशमलव १४ प्रतिशत विद्यार्थी मात्र कक्षा ११ मा पढ्न पाउनेगरी उत्तीर्ण भएकामा नतिजामा समस्या देखिएकाले त्यसलाई सच्याउन माग गर्नुभयो ।सांसद ज्ञानेन्द्रबहादुर कार्कीले कोशीटप्पु बन्यजन्तु आरक्षलाई राष्ट्रिय निकुञ्ज बनाइनुपर्ने माग गर्नुभयो। सांसद विनोदकुमार चौधरीले चितवनको वाल्मिकी आश्रम क्षेत्रमा सडक, विद्युत्लगायतका अत्यावश्यक पूर्वाधार बन्न नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

राहत तथा उद्धारका काममा तीव्रता दिन मागप्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरूले मनसुनी जोखिम न्यूनीकरण र राहत तथा उद्धारका काममा तीव्रता दिन माग गरेका छन् । बाढी, पहिरो, चट्याङ, डुबानलगायत समस्याले देशभर जनजीवन प्रभावित भएको भन्दै उनीहरुले सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा आकस्मिक समयमा बोल्दै सांसद ईश्वरीदेवी न्यौपानेले मनसुन सुरु भइसकेको अवस्थामा बाढी, पहिरो, डुबान, चट्याङलगायत विभिन्न प्राकृतिक विपद्का घटना बढेकाले जोखिम न्यूनीकरण र पीडितलाई राहत तथा क्षतिपूर्तिका लागि सरकारसँग माग गर्नुभयो ।सांसद मानवीर राईले बाढी र पहिरोले सोलुखुम्बुका विभिन्न सडकखण्ड भत्किएर यातायात सेवा अवरुद्ध भएको तथा केही व्यक्तिको घरमा क्षति पुगेको विषय संसद्मा उठाउनुभयो ।

सांसद अमनलाल मोदीले देशभर बाढीपहिराको समस्या सिर्जना भएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले तत्काल उद्धार र राहतको कदम चाल्न माग गर्नुभयो ।सांसद अमरेशकुमार सिंहले विद्युत् प्राधिकरणको लापरवाहीले केही ठाउँमा बिजुलीको तार लत्रिएको अवस्थामा रहेको र करेन्ट लाग्ने जोखिम देखिएकाले त्यसतर्फ सम्बन्धित निकायको ध्यान जाओस भन्नुभयो ।

सांसद रामहरि खतिवडाले बाढीपहिरोका कारण देशभर धनजनको क्षति भएको उल्लेख गर्दै ओखलढुङ्गाका विभिन्न स्थानमा पनि बाढी पहिरोले जनधनको क्षति भएको र घाइतेलाई हेलिकप्टरमार्फत उद्धार गरेर काठमाडौँमा उपचार भइरहेको सदनलाई जानकारी गराउनुभयो । खानेपानी, विद्युत् तथा इन्टरनेट सेवा आपूर्ति, सिँचाइलगायत अत्यावश्यक सेवामा बाधा पुगेकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मनबहादुर गुरुङले कास्कीका विभिन्न स्थानमा बाढी र पहिरोका कारण जनधनको क्षति भएकाले पीडितलाई राहत, क्षतिपूर्ति तथा सहज स्वास्थ्योपचारको सुविधा उपलब्ध गराउन सदनमार्फत् सरकारसँग माग गर्नुभयो । सांसद उर्मिला माझीले लमजुङका विभिन्न स्थानमा बाढी, पहिरो र चट्याङजस्ता मनसुनी विपद्का कारण ६ जनाले ज्यान गुमाउनुपरेको सदनलाई जानकारी गराउनुभयो।

सांसद किरण साहले विपद् व्यवस्थापनका लागि सरकार र मातहतका निकायको ध्यानाकर्षण गराउनुभयो । जोखिम न्यूनीकरण र पूर्वतयारीका काममा ध्यान दिन उहाँले सरकारसँग माग गर्नुभयो ।सांसद अब्दुल खानले मङ्गलबार र बुधबार भएको वर्षाका कारण देशभर २० जनाले ज्यान गुमाएका तथा १६ जनाभन्दा बढी घाइते भएको जानकारी गराउनुका साथै शिक्षा क्षेत्रमा विकृति बढिरहेको विषयमा विस्तृत अनुसन्धान गर्न सरकारसँग माग गर्नुभयो ।रासस

# आमाको नामबाट नागरिकता सहजरुपमा दिलाउन माग



काठमाण्डु । राष्ट्रियसभाको विहिबारको बैठकमा सांसदहरुले आमाको नामबाट नेपाली नागरिकता सहजरुपमा दिलाउन सरकारसँग माग गरेका छन् । आमाको नामबाट नागरिकता पाउन सहज नभएको गुनासो गर्दै उनीहरुले अशं र वंशमा नारीको अधिकार हुनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रियसभा बैठकको शून्य समयमा बोल्दै सांसद गङ्गाकुमारी बेल्बासेले आमाको नामबाट नेपाली नागरिकता पाउने व्यवस्था सहज हुनुपर्ने बताउनुभयो। सांसद तारामान सुनुवारले समाजिक सुरक्षालगायत अन्य सरकारी सेवा लिन राष्ट्रिय परिचयपत्रको व्यवस्थाका कारण नागरिकले झन्झट व्यहोर्नुपरेको बताउनुभयो । सांसद तुलसाकुमारी दाहालले जनकपुरधामस्थित जानकी वृद्धाश्रमलाई सरकारले सहयोग नगर्दा स्वास्थ्योपचार गर्न वृद्धवृद्धालाई असहज भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद भगवती न्यौपाने काठमाडौँमा ट्राफिक बत्ती जडान भए पनि राम्रोसँग काम नगरेको भन्दै सो व्यवस्थापनमा सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।सांसद मायाप्रसाद शर्माले बाढी, पहिरोबाट घाइते भएकाको समयमै उद्धार गर्नुपर्ने तथा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न आवश्यक कदम चाल्न सरकारसँग माग गर्नुभयो ।रासस

# एकीकृत समाजवादीद्वारा महाधिवेशनमा प्रस्तुत गरिने प्रतिवेदनमाथि छलफल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को आसन्न महाधिवेशनमा प्रस्तुत गरिने चार प्रतिवेदनमाथि सातै प्रदेशमा छलफल सम्पन्न गरेको छ। राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, विधानसम्बन्धी र साङ्गठनिक प्रतिवेदनलाई साझा दस्तावेज बनाउन सबै प्रदेशका मातहतका कमिटीमा प्रतिवेदनमाथि छलफल गर्न पठाइएको थियो । सबै प्रदेशले सुझाव समावेश गरी केन्द्रमा पठाएका छन् ।

सबै प्रदेशमा खुला छलफल गरी मातहत कमिटीले केन्द्रमा पठाएका सुझाव समावेश गरी केन्द्रीय चारवटा प्रतिवेदनलाई केन्द्रीय सचिवालय बैठकले सर्वसम्मतिले अनुमोदन गरेपछि एउटै दस्तावेज बनाएर महाधिवेशनमा लैजाने पार्टी स्थायी समिति सदस्य आलोक रायमाझीले जानकारी दिनुभयो । असार १६ देखि २० सम्म काठमाडौँस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा हुने महाधिवेशनमा प्रस्तुत गरिने छ। पार्टीका नीति तथा कार्यक्रम पारित तथा नयाँ नेतृत्व चयन गर्ने विषयमा थप एकताबद्ध गर्ने विश्वास गरिएको छ।

पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले राजनीतिक प्रतिवेदन, सम्मानित नेता झलनाथ खनालले पार्टीको समाजवादी कार्यक्रम, उपाध्यक्ष बेदुराम भुसालले विधान संशोधन र महासचिव घनश्याम भुसालले साङ्गठनिक प्रतिवेदन तयार पार्नुभएको हो ।राजनीतिक प्रतिवेदनमा राष्ट्रिय एकता, सामाजिक, सांस्कृतिक पक्ष उल्लेख गरिएका छन् ।

उक्त प्रतिवेदनमा मुलुकको समसामयिक परिस्थिति, राजनीतिक अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, पार्टीको आगामी कार्ययोजनासमेत प्रस्तुत गरिएको छ।

प्रतिवेदनमा समाजवादको स्वरुप, आर्थिक रुपान्तरणका साथै वैज्ञानिक समाजवादका विषय छन् । मुलुकमा सामाजिक न्याय, समानतासहित विकास तथा समृद्धिका लागि समाजवादी व्यवस्था कार्यान्वयनमा जोड दिइएको छ ।विधान दस्तावेजमा पार्टीमा तल्लो तहदेखि माथिल्लो तहसम्म निर्वाचित हुनुपर्ने, सबै कमिटीलाई लोकतान्त्रिक पद्धतिबाट अनुमोदित गराउने विशेषता छ । कायम रहेको ७० वर्षीय उमेरहद हटाउने भनिएको छ । युवा सहभागिता वृद्धि गर्ने विषयलाई प्राथमिकता दिइएको छ।

साङ्गठनिक दस्तावेजमा देशभर पार्टी सङ्गठनको अवस्था, आगामी योजना तथा कार्यक्रम, सशक्त सङ्गठन निर्माणका विधि, महाधिवेशन केन्द्रित अभियान उल्लेख छन् ।

सशक्त पार्टी निर्माणका लागि सङ्गठनको महत्वपूर्ण भूमिका उल्लेख गरिएको दस्तावेजमा पार्टी निकट सबै सङ्गठन जनहितमा परिचालन गर्नुपर्नेमा जोड दिइएको छ ।पार्टी अध्यक्ष नेपालको नेतृत्वमा गठित महाधिवेशन मूल व्यवस्थापन समितिले मातहतका अन्य १३ कमिटीले गरेका सम्पूर्ण काम महाधिवेशन केन्द्रित गर्न भनिएको छ । उक्त समितिले महाधिवेशनका आवश्यक सबै काम अन्तिम चरणमा पुगेको जनाएको छ।

पार्टी तथा जनसङ्गठनका सबै तहका कमिटीहरूले सम्पूर्ण कामलाई महाधिवेशन केन्द्रित गर्ने र महाधिवेशन प्रभावित हुनेगरी पार्टी सङ्गठनका कुनै गतिविधि नगर्न निर्देशन दिएको स्थायी समिति सदस्य रायमाझीले जानकारी दिनुभयो ।पार्टीले देशभरबाट एक हजार आठ सय ४९ प्रतिनिधि छनोट गरेको छ । छनोट गरिएका प्रतिनिधिको कुल संख्याको पाँच प्रतिशत अर्थात् ९५ जना प्रतिनिधि मनोनयन गर्ने व्यवस्था छ । केही दिनमा ती प्रतिनिधि मनोनयन गरिने जनाइएको छ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट करिब तीन वर्षअघि विद्रोह गरी गठन गरिएको पार्टीले आसन्न महाधिवेशनलाई दशौँ राष्ट्रिय महाधिवेशनका रुपमा दाबी गरेको छ।

विसं २००६ मा कोलकातामा स्थापना भएको कम्युनिष्ट पार्टीको राजनीतिक उत्तराधिकारी मानेको एकीकृत समाजवादी पार्टीले अहिलेसम्म सम्पन्न भएका नौवटा अधिवेशनको स्वामित्व लिएर अहिलेको राष्ट्रिय अधिवेशनलाई दशौँ मानेको छ ।रासस


**Krishna medical & Technical Research Center Pvt. Ltd.**

**Brahampuri-9, Janakpurdham**

**Contact no:-041-591092, 9814029769**

**Email:- kmtrcjnk@gmail.com**

**We are Hiring the following.**

Please send your CV And Cover letter to kmtrcjnk@gmail.com, A.deven1436@outlook.com

Date: - 2081/03/13-2081/03/18


| S. N | Ward | Qualification | Experience | No. of requirements |
|---|---|---|---|---|
| 1 | ICU | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 2 | NICU | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 3 | PICU | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 4 | Pediatrics | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 5 | Emergency | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 6 | General ward | HA / BSC. Nursing / Staff Nurse / ANM | At least 2 years | 6 |
| 7 | Obstetrics and gynecology ward | BSC. Nursing / Staff nurse /ANM (SBA Trained) | At least 2 years | 6 |
| 8 | HDU | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 9 | POST OP | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 10 | SICU | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 11 | Medical Officer | MBBS | At least 2 years | 10 |
| 12 | OT Assistant | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 4 |
| 13 | Oncology Department | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 6 |
| 14 | Dialysis Department | HA / BSC. Nursing / Staff Nurse | At least 2 years | 4 |
| 15 | Accounts | MBA / BBA / BBS | At least 2 years | 1 |
| 16 | Reception | BBA / BBS / +2 | At least 2 years | 1 |
| 17 | OPD | HA / Staff nurse / ANM | At least 2 years | 2 |
| 18 | Cash Counter | BBA / BBS / +2 | At least 2 years | 6 |
| 19 | Lab Department | BMLT / LAB Assistant / Lab Technician | At least 2 years | 6 |
| 20 | Storekeeper | BBA / BBS / +2 | At least 2 years | 1 |
| 21 | Marketing Officer | BBA/MBA | At least 2 years | 4 |
| 22 | Sweeper | General | At least 2 years | 6 |



आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि है ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।







टिकट दर १८,000 भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१0
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# शिक्षामा मौलिक प्रयोग आवश्यक

नेपालको शिक्षा रोजगारमूलक, अनुसन्धानमूलक हुन सकेको छैन। नेपालबाट हरेक वर्ष हजारौं मानिस शिक्षाका लागि विदेशिने गरेका छन्। एकातर्फ रोजगारीका लागि युवा र दक्ष जनशक्ति विदेशिएर देशका कृषि, उद्योग लगायतका क्षेत्रमा जनशक्तिको अभाव भएको छ। अर्को तर्फ शिक्षाका लागि युवाहरु विदेशिने क्रम बढेसँगै देशवासीले भरोसा गर्न सक्ने जनशक्तिविहीन देश बन्न थालेको चिन्तामा छन्। हुनत यस्ता चिन्तन मनन गर्नेहरुले नै आफ्ना सन्तानलाई विदेशमा अध्ययनका लागि पठाउने गरेका छन्। कुनै उद्देश्य र कारणले देशबाट युवा शक्ति पलायन हुनु दुखद हो। नेपालमा रोजगारी नपाएर विदेशमा आफ्ना सीपले उत्पादन बढाउने र त्यहाँबाट पठाएको रेमिट्यान्सबाट बालबालिकालाई विदेशमा पठाउने क्रम सुरु भइसकेको छ। विदेशमा शिक्षाग्रहण गर्नेहरु मध्ये केहीले राजनीतिमा लागेर लुट्ने बाहेक अन्य कार्यका लागि फर्किनेको संख्या औँलामा गणना गर्न सक्ने हो। देशमा एसईईको परीक्षाफल सार्वजनिक भएको छ। केही वर्षदेखि लागु रहेको ग्रेडिंग प्रणाली हटाइएको छ। ग्रेडिंग प्रणाली नेपालका शिक्षाविद्हरुले नेपाली विद्यार्थीलाई केन्द्रमा राखेर लागु गरेका थिएनन्। संसारका कयौं देशमा रहेको ग्रेड प्रणालीलाई नेपालमा पनि भित्र्याइयो। तर त्यसले सकारात्मक परिणाम दिन सकेन। यस वर्ष ग्रेड प्रणाली हटाइएको छ। तर गत वर्ष जस्तो यस वर्ष सबै विद्यार्थी उत्तीर्ण हुन सक्दैनन्। त्यो स्वभाविक पनि हो। मिहिनेत गर्ने विद्यार्थीले उच्च अंक ल्याएर अग्रस्थानमा पुग्ने छन्। कम नम्बर ल्याउनेले अझ बढी मिहिनेत गर्ने छन्। त्यो तर्क आ-आफ्नो ठाउँमा छ। तर ग्रेडिंग प्रणाली लागु भएको दशक नबित्दै त्यसलाई हटाउनुको यथेष्ठ कारण सार्वजनिक गरिएको छैन। त्यो लागु गर्नुपर्ने यथेष्टकारण पनि सार्वजनिक गरिएको थिएन। नेपालमा चार वर्ष अध्ययन गराइने कतिपय विषयहरु छिमेकी भारतमा तीन वर्षमा नै पुरा हुन्छ। निजी क्षेत्रका विद्यालय र कलेज सञ्चालकको सुविधा अनुसार परीक्षाको कोर्ष डिजाइन गरिनु हुँदैन। शिक्षामा हरेक दिन प्रयोगहरु हुनुपर्छ। गरिरहनु पर्छ। तर त्यो अन्य देशको नक्कल गर्ने भन्दा आफ्नो देशको आवश्यकतालाई दृष्टिगतगरि शिक्षा प्रणाली लागु गर्नुपर्छ। म्याद गुज्रिसेकेका कयौं विषयहरु अझै पाठ्यक्रमहरुमा रहेको देखिन्छ। भविष्यलाई दृष्टिगत गरी अनुसन्धानमूलक शिक्षाको डिजाइन भए स्वदेशमै रोजगारीको अवसर सृजना हुनेछ। विदेशमा गएर प्रतिभा बेच्ने नेपालीहरुले स्वदेशबाटै प्रतिभा बेच्न सक्ने छन्। तर त्यसका लीग मौलिक प्रयोग हुनु आवश्यक छ।

# के हुन सक्छ गाउँ विकासको उचित मोडल?



प्रेमराज अवस्थी

सहरमा बढिराखेको गरिबी, वातावरणीय ह्रास, खाद्य असुरक्षा र असन्तुष्टि जस्ता समस्या समाधान गर्न गाउँको पुनरूत्थान हुन जरूरी छ। पछिल्ला केही वर्षमा गाउँमा गरिबी घट्दै गएको छ, सहरमा गरिबी बढ्दो छ।राष्ट्रिय तथ्यांक कार्यालयले गरेको चौथो जीवनस्तर सर्वेक्षण (२०७९) अनुसार, २०६७ सालमा २७.४३ प्रतिशत रहेको गाउँको गरिबी २०८० मा २४.६६ प्रतिशतमा झरेको छ। त्यही अवधिमा सहरी गरिबी १५.४६ प्रतिशतबाट बढेर १८.३४ प्रतिशत पुगेको छ।सेवा सुविधामा वृद्धि र बसाइँसराइ जस्ता विविध कारणहरूले गाउँको गरिबी घट्दै जानुलाई गाउँको पुनरूत्थानका लागि माहौल बन्दै गएको मान्न सकिन्छ।

उच्च जनघनत्व, महँगी, बेरोजगारी, प्रकृतिको चरम दोहन, रसायनयुक्त र पत्रु खानाको बिगबिगी, पानीको अभावजस्ता समस्याले सहरी क्षेत्रमा जनजीवन कष्टकर हुँदै गएको छ। यसले ग्रामीण क्षेत्रको विकास गर्नै पर्ने आवश्यकता देखाएको छ।

अहिले संसारभरि नै आधुनिक जीवनशैलीबाट मानिसहरू दिक्क भएका छन्। मानिसलाई मौलिकता, स्वच्छ हावापानी र साधारण गाउँले जीवनले आकर्षित गर्न थालेको छ। यसले पनि गाउँको पुनरूत्थानको आवश्यकता पुष्टि गर्छ।गाउँको बलियो सामुदायिक भावना र प्रकृतिसँगको घनिष्ट सम्बन्धले व्यक्तिगत सन्तुष्टि मात्र दिँदैन, अहिले सहरले झेलिराखेको सामाजिक, आर्थिक, पर्यावरणी र स्वास्थ्य समस्याहरूबाट छुटकारा पनि दिन्छ।

संसारभर गाउँहरूको पुनरूत्थानमा चासो बढ्दै गएको छ। नेपालमा पनि 'ग्रामीण विकास' पुनः परिभाषित गर्नुपर्ने बेला भएको छ। भौतिक र आर्थिक समृद्धिको मानकका रूपमा खडा गरिएका सहरहरूका कारणले बिस्तारै मानव जगत र पृथ्वीको अस्तित्व खतरामा पर्दैछ।नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने ७८.९९ प्रतिशत जनसंख्याको जीवनमा परिवर्तन कसरी ल्याउन सकिन्छ? मानव जगत र प्रकृतिले बेहोरिराखेका समस्याहरू कसरी समाधान गर्न सकिन्छ? गाउँ विकासको उचित मोडल के हुन सक्छ?

जलवायु परिवर्तन, दिगो विकास, लैंगिक समानता, युवा, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक जस्ता विषय समेट्दै एक्काइसौं शताब्दीको गाउँको पुनर्निर्माण र पुनरूत्थान कसरी गर्ने?यी प्रश्नहरूमा बहस आवश्यक भएको छ।

गाउँको पुनरूत्थानले आममानिसको स्वस्थ जीवनको आवश्यकता र आकांक्षा कसरी सम्बोधन गर्न सक्छ भन्ने पाटो बुझौं। अहिलेका अनेक समस्या समाधान गर्ने ग्रामीण विकासको उपयुक्त मोडल के हुन सक्छ भन्ने खोज गरौं।साथै नेपाल र अन्य देशहरूले अवलम्बन गरेको ग्रामीण विकासका मोडलहरूको समीक्षा पनि गरौं।नेपालमा ग्रामीण विकासको सुरूआत फरकफरक चरणहरूमा भएको र विभिन्न राजनीतिक परिवर्तनबाट प्रभावित भएको पाइन्छ।

राणाकालीन सामन्ती समाजमा गाउँमा शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सेवा र विकासको पहल शून्यप्रायः थियो। केही सीमित गाउँहरूमा पाटीपौवा, कुलोकुलेसो बनाउने काम हुन्थ्यो। २००७ सालको राजनीतिक परिवर्तनपछि आधुनिक विकासको पहल सुरू भयो। सामाजिक-आर्थिक विकासमा केही अन्तर्राष्ट्रिय सहायता सुरू भयो। पूर्वाधार, कृषि, शिक्षा र स्वास्थ्य सेवामा कामको सुरूआतसँगै ग्रामीण विकासको बाटो खुल्यो।

२००९ सालमा ग्रामीण विकासमा पहिलो व्यवस्थित प्रयासस्वरूप 'त्रिभुवन गाउँ विकास कार्यक्रम' सुरू भएको थियो। यो कार्यक्रम शिक्षा, कृषि सामग्री, खानेपानी, स्वास्थ्य सेवा, घरेलु उद्योग र सहकारी लगायतका पक्ष समेट्ने गरी बहुआयामिक थियो। पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) ले त्रिभुवन गाउँ विकास कार्यक्रमलाई महत्त्वपूर्ण स्थान दिएको थियो। आधुनिकीकरणको आवश्यकता महसुस गर्दै ग्रामीण पूर्वाधार, कृषि, सिँचाइ, ग्रामीण स्वास्थ्य केन्द्र र शिक्षाको काम सुरू गरिएको थियो।

भनिन्छ, प्रधानमन्त्री बिपी कोइरालाले योजना आयोगको कार्यालयमा खेत जोत्ने किसानको फोटो राख्न लगाएका थिए। त्यही तस्बिर हेरेर किसानको हितमा योजनाहरू बनाउन निर्देशन दिएका थिए। गाउँमा शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारहरू बढाइ गरिबी निवारण गर्दै समाजवाद प्रवर्द्धन गर्ने बिपीको चिन्तन थियो। ग्रामीण क्षेत्रमा कृषिमा आधारित उद्योगहरू स्थापनामा प्राथमिकता दिने र गाउँलाई आत्मनिर्भर बनाउने नीति थियो।

बिपी कोइरालाले नेपालको ग्रामीण विकासलाई मुख्यतः समृद्धि र न्यायको दृष्टिकोणबाट हेरेका थिए। उनले गाउँको गरिबी र असमानता हटाउन भूमिसुधार लागू गरे। बिर्ता प्रथा उन्मूलन गरे, वास्तविक किसानलाई जमिन वितरण गर्नुपर्छ भन्ने अभियान चलाए तर बिपीले कार्यकाल पूरा गर्न पाएनन्। राजनीतिक व्यवस्था नै परिवर्तन भयो।

२०१७ सालपछि दलविहीन पञ्चायती व्यवस्थामा त्रिभुवन गाउँ विकास कार्यक्रमलाई पञ्चायत विकासले विस्थापित गर्‍यो। वन विकास, साना किसान विकास कार्यक्रम, भूमिसुधार, सिँचाइ विकास, ग्रामीण महिला कार्यक्रमका साथै सामाजिक र ग्रामीण विकासमा दूरगामी प्रभाव पार्ने नीति र कार्यक्रम आयो। जातीय छुवाछुत गैरकानुनी घोषित गरियो। भूमिसुधार कार्यक्रम लागू गरियो।

पूर्वाधार विकासमा सडक निर्माण, सञ्चार पूर्वाधार र विद्युत आपूर्तिमा प्राथमिकता दिइयो। पञ्चायती सरकारले कृषि विकासमा जोड दियो। उत्पादकत्व बढाउन उन्नत बिउ, मल र सिँचाइ सेवा विस्तारमा प्राथमिकता दियो। यसो भए पनि पञ्चायती प्रशासनको असक्षमता, भ्रष्टाचार र गाउँमा सामन्तहरूको अवरोधले ग्रामीण विकासले अपेक्षित गति लिन सकेन।

> कोरोना महामारीपछि धेरै देशले ग्रामीण पुनरूत्थानको काम अघि बढाए। नेपालले पनि रोजगारीका अवसर सिर्जना गर्ने र ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने लक्ष्यका साथ केही योजना ल्याएको थियो तर कार्यान्वयन हुन सकेन। नयाँ संविधानपछि पहिलोपटक स्थानीय तहको निर्वाचनताका स्मार्ट गाउँ भन्ने नाराले धेरैलाई आकर्षित गरेको थियो। तर यस्तो काम कतै पनि देखिएन। बरु धेरैतिर भ्यु टावर जस्ता अनुपयोगी संरचनामा बजेट र समय खर्च भयो।

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि ग्रामीण विकासमा नयाँ सुरूआत भयो। ग्रामीण विकासका लागि गैरसरकारी संस्थाहरूको संख्या र सक्रियता ह्वात्तै बढ्यो। समुदायहरूलाई सशक्त बनाउने उद्देश्यले विकेन्द्रीकरण नीति तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू गरियो। समुदायलाई वन व्यवस्थापनको जिम्मेवारी दिइयो।

जनसहभागितामा आधारित नेपालको सामुदायिक वन व्यवस्थापन विश्वमै नमूनाका रूपमा परिचित छ।२०५१ सालमा नेकपा एमाले सरकारले आफ्नो गाउँ आफै बनाऔं कार्यक्रम ल्यायो। यसले गाउँमा विकास बजेट ह्वात्तै बढायो। यो कार्यक्रम गाउँको विकासमा कोसेढुंगा सावित भयो। आज पनि त्यसको चर्चा हुने गरेको छ।

विकेन्द्रीकरण र स्थानीय शासन संरचना सुदृढ बनाइयो। राष्ट्रिय योजना आयोगले गरिबी निवारण र ग्रामीण पूर्वाधार विकासमा केन्द्रित हुँदै नवौं योजना (२०५३-२०५८) र दसौं योजना (२०५९-२०६४) ल्यायो। कृषि उत्पादकत्वमा सुधार गर्ने उद्देश्यले नयाँ कार्यक्रमहरू लागू गरिए।विद्यालय र ग्रामीण स्वास्थ्यचौकी स्थापनामा उल्लेख्य लगानी भयो। यसरी अघि बढ्दै गरेको समयमा तत्कालीन विद्रोही माओवादीले दस वर्ष (२०५२-२०६२) चलाएको सशस्त्र संघर्षले ग्रामीण विकासको प्रयासमा गम्भीर अवरोध सिर्जना गर्‍यो। त्यही समय गाउँबाट सहरमा बसाइँसराइ ह्वात्तै बढ्यो। गाउँहरू रित्तिने क्रम जारी रह्यो।

२०६२/६३ को राजनीतिक परिवर्तनपछि ग्रामीण विकासले अर्को रोचक मोड लियो। गरिबी र असमानताजस्ता मुद्दाहरू सम्बोधन गर्न समावेशी नीति आयो। २०६३ सालपछिको संघीय लोकतान्त्रिक गणतन्त्र र २०७२ सालमा जारी भएको संविधानले स्थानीय शासन प्रणाली राजनीतिक रूपमा सशक्त बनाएको छ। स्थानीय तहहरू संवैधानिक रूपमा स्वायत्त सरकार भएका छन्। आफ्नै बजेट र आफ्नै निर्णयमा आर्थिक-सामाजिक विकास गर्ने अधिकार प्राप्त भएको छ। नयाँ संघीय संरचनाले गाउँहरूलाई सिंहदरबारको तोकआदेश र स्रोत ताक्नुपर्ने मजबुरीबाट मुक्त गराएको छ।

सात वर्षयता स्थानीय सरकारहरूले पूर्वाधार, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा केन्द्रित भएर ग्रामीण विकासका राम्रा पहलहरू गरेका छन्। ग्रामीण सडक सञ्जाल विस्तार भइरहेको छ। स्वच्छ खानेपानी र सरसफाइ सुविधा बढ्दो क्रममा छ। विद्यालय शिक्षाको पूर्वाधार र शिक्षक तालिमजस्ता कार्यक्रमहरूमा लगानी बढेको देखिन्छ।

यही अवधिमा भौतिक पूर्वाधार विकासले पर्यावरणमा पार्ने असरबारे भने पर्याप्त ध्यान दिएको देखिँदैन। धेरै ठाउँमा प्रकोपको जोखिम बढेको छ। विकासका नाममा अनियन्त्रित रूपमा प्राकृतिक स्रोत दोहन र जथाभावी डोजर प्रयोगले गाउँको पर्यावरणमा समस्या सिर्जना भएको छ। भौगोलिक कठिनता, अपर्याप्त पूर्वाधार, राजनीतिक खिचातानी, दीर्घकालीन सोचको अभाव, प्राविधिक ज्ञानको कमी र वित्तीय स्रोतको अभावले ग्रामीण विकासमा बाधा पुगेको छ।

संघीयता पूर्ण कार्यान्वयन हुने र जनप्रतिनिधिहरूले जनताप्रति उत्तरदायित्वका साथ निःस्वार्थ ढंगले काम गर्ने हो भने चुनौतीहरू सामना गर्दै दिगो ग्रामीण विकास अघि बढ्न सकिन्छ। संसारका धेरै देशले ग्रामीण विकासका नयाँ अभ्यास र मोडलहरूबाट समृद्धिको बाटो बनाएको पाइन्छ।दक्षिण कोरियाले सन् १९७० मा सेमाउल उन्दोङ (नयाँ गाउँ अभियान) नाममा समुदायमा आधारित ग्रामीण विकास मोडेल सुरू गरेको थियो।

यो कार्यक्रमले गाउँको गरिबी उन्मूलन र पूर्वाधार विकास गर्दै आम्दानी लगभग ६ गुणा बढायो। अर्थ व्यवस्थामा महिलाको भूमिकामा सुधार गर्‍यो। देश उद्योगको विकास र औद्योगीकरणको बाटोमा अघि बढ्यो।चीनले ई-वाणिज्यमार्फत् ग्रामीण उद्यमशीलता प्रोत्साहित गरेको छ। इन्टरनेटको पहुँच विस्तारसँगै गाउँलेहरू ई-प्लेटफर्ममार्फत बिक्रेता बनेका छन्। ई-कमर्सले रोजगारी सिर्जना गरेर आय बढाएको छ। सहरी र ग्रामीण क्षेत्रबीचको आर्थिक असमानता घटाएको छ।

युरोपमा स्मार्ट गाउँ योजनाबाट डिजिटल कनेक्टिभिटी बढ्यो। समुदायको नेतृत्वमा गाउँमा स्वास्थ्य, शिक्षा, ऊर्जा र यातायात जस्ता सेवामा वृद्धि भयो। सूचना तथा सञ्चार प्रविधि र नवप्रवर्तनको माध्यमबाट ग्रामीण क्षेत्रलाई दिगो र जीवन्त बनाउन योगदान गर्‍यो।भारतमा ग्रामीण विकास पहलले निरन्तर प्राथमिकता पाएको छ। हाल प्रधानमन्त्री ग्राम सडक योजना, 'दीनदयाल उपाध्याय ग्रामीण कौशल योजना लगायत दर्जनौं योजनाले गाउँमा सामाजिक सशक्तीकरण गरेका छन्, रोजगारी बढाएका छन्। भारतमा महात्मा गान्धीले सुरू गरेको कुटीर उद्योग र श्रमकेन्द्रित ग्रामीण अर्थतन्त्रको मोडलले ग्रामीण विकास निर्देशित गरेको पाइन्छ।

नेपालको शताब्दीदेखिको ग्रामीण विकासको अनुभव, अन्तर्राष्ट्रिय सफल मोडलहरूको आफूअनुकूल अनुकरण र वर्तमानको आवश्यकता अनुसार गाउँपालिकाहरूले गाउँको विकासलाई मौलिक र हरित विकास मोडलका रूपमा अघि बढाउनुपर्छ।भौतिक पूर्वाधार विकास संरचना हरितमय बनाउनुपर्छ। इन्जिनियरिङ नमिलेर विपद निम्त्याउने सडक बनाउन बन्द गर्नुपर्छ। ग्रामीण हरित सडक निर्माणमा जोड दिनुपर्छ। बस्तीहरूमा खुला ठाउँ र पार्कहरू विस्तार गर्दै स्वस्थ र सन्तुलित जीवनशैली प्रवर्द्धन गर्नुपर्छ।

हरित ग्रामीण मोडलमा गुणस्तरीय र स्वस्थ जीवनशैलीको गाउँ पुनरूत्थान गर्न ४० देखि १६० हेक्टरमा ५ हजारदेखि १० हजार जनसंख्यासम्मका बस्ती प्रवर्द्धन गर्नुपर्छ। यस्ता बस्तीमा १० मिनेटको पैदल दुरीभित्र विद्यालय, मनोरञ्जनस्थल, बजार, सानोतिनो रोजगारी स्थल पुग्न सकिने सुविधाहरू हुनुपर्छ। गाडीसम्मको पहुँच १०-१५ मिनेटको हिँडाइमा हुनुपर्छ।

यस्ता बस्तीमा बालबालिकाहरू समूहमा जम्मा हुन पाउँछन् र सामुदायिक भावना बढाउँछन्।बस्तीका घर साना-ठिक्कका, अग्निप्रतिरोधी र प्राकृतिक रूपमा वातावरण अनुकूल होऊन्। सामाजिक अन्तर्क्रिया चलाउने र संस्कृति प्रवर्द्धन गर्ने सुविधा होओस्। यस्ता गाउँहरूमा बालिबालिकाका लागि सुरक्षित खेलस्थल र ज्येष्ठ नागरिकहरू घुलमिल हुने सुविधा होओस्। यस्ता गाउँ र सहरबीचको अर्थतन्त्र सुदृढ गर्दै कृषि र गैरकृषि क्षेत्रहरूमा विविधीकरण गर्नुपर्छ। सहरमा भएका कृषि र गैरकृषि साना उद्योग गाउँमा केन्द्रित गर्नुपर्छ।

यसो गर्न तराई, पहाड, हिमाल र पूर्व, पश्चिम, सबैलाई पायक पर्ने गरी केही ग्रामीण क्षेत्रहरूमा नवप्रवर्तन हब स्थापन गर्नुपर्छ। यस्ता हबले कृषि उत्पादन, प्याकेजिङ, मूल्य शृंखला आदिमा सघाउँछन्। नेपाल सरकारको एक गाउँ एक उत्पादन अवधारणा प्रवर्द्धन गर्न सक्छन्। नवप्रवर्तन हबले कृषि क्षेत्रमा प्रतिकूल मौसमी घटनाको प्रभाव कम गर्न सघाउँछन्। गाउँलाई कृषि उत्पादन केन्द्रका रूपमा विकास गर्दै, जैविक खेती प्रवर्द्धन गर्छन्। जैविक उत्पादनहरूको स्थानीय र अन्तर्राष्ट्रिय बजारीकरणमा गर्छन्।

उच्च मूल्य प्राप्त हुने जैविक खेतीले आत्मनिर्भरता बढाउँछ। खाद्यान्न समस्या समाधानमा योगदान गर्छ। गाउँमा मौलिक खेती, परम्परागत व्यञ्जन र कृषि भ्रमणहरू जस्ता कार्यक्रमबाट कृषिपर्यटन विकास हुन सक्छ। यसले ग्रामीण आम्दानी बढाउँछ, सांस्कृतिक सम्पदाको संरक्षणमा पनि मद्दत गर्छ। लिफ्ट प्रविधिमार्फत खानेपानी प्रबन्ध गर्न सकिन्छ। वर्षाको पानी संकलन गरेर उपोग गर्न सकिन्छ। प्रभावकारी सिँचाइ प्रणालीबाट कृषि उत्पादकत्व बढाउन सकिन्छ। स्थानीय खाद्य उत्पादन प्रणाली प्रोत्साहित गर्न सकिन्छ।जलवायु परिवर्तनको बढ्दो प्रभाव मनन गर्दै आर्थिक आत्मनिर्भरता बढाउन सौर्यऊर्जा, वायुऊर्जा, बायोग्यास र स्थानीय नदीखोलाबाट जलविद्युत जस्ता नवीकरणीय ऊर्जा उत्पादन र उपयोगमा जोड दिनुपर्छ।

सामुदायिक वनलाई गाउँको समृद्धि र जलवायु अनुकूलनको प्रमुख आधार बनाउनुपर्छ। आधुनिक प्रविधिको उपयोगबाट स्थानीय परम्परागत सीप जगेर्ना गर्दै ग्रामीण हरित औद्योगिकीकरण प्रवर्द्धन गर्नुपर्छ। सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसियन बन्न तालिम दिएर स्थानीय रोजगारीका अवसर सिर्जना गर्नुपर्छ। सिलाइबुनाइको तालिम दिनुपर्छ। लघुवित्तमार्फत स्थानीय उद्यमशीलता र साना व्यवसाय प्रोत्साहन गर्नुपर्छ।

गाउँमा भरपर्दो र उच्च गतिको इन्टरनेट विस्तार गरी शिक्षा र स्वास्थ्य सेवा गुणस्तरीय बनाउनुपर्छ। यसरी व्यापार-व्यवसायका अवसरहरू सिर्जना गर्नुपर्छ।सामाजिक भेदभाव र छुवाछुत जस्ता अमानवीय व्यवहार अन्त्य गर्दै सांस्कृतिक रूपमा अब्बल गाउँ निर्माण गर्नुपर्छ। मौकाअनुसार सांस्कृतिक उत्सव, साहित्य महोत्सव इत्यादि गर्दै जनजीवन क्रियाशील बनाउनुपर्छ।

कोरोना महामारीपछि धेरै देशले ग्रामीण पुनरूत्थानको काम अघि बढाए। नेपालले पनि रोजगारीका अवसर सिर्जना गर्ने र ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने लक्ष्यका साथ केही योजना ल्याएको थियो तर कार्यान्वयन हुन सकेन। नयाँ संविधानपछि पहिलोपटक स्थानीय तहको निर्वाचनताका स्मार्ट गाउँ भन्ने नाराले धेरैलाई आकर्षित गरेको थियो। तर यस्तो काम कतै पनि देखिएन। बरु धेरैतिर भ्यु टावर जस्ता अनुपयोगी संरचनामा बजेट र समय खर्च भयो।

अब स्थानीय तहहरू संवैधानिक अधिकार र जिम्मेवारी प्रयोग गरी आर्थिक समृद्धि र विकासका लागि ग्रामीण विकासमा अघि बढ्नुपर्छ। स्थानीय स्रोतसाधनमा आधुनिक प्रविधि समेत उपयोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता, स्वच्छता निर्माण गर्नुपर्छ।

यस्तो काममा स्थानीय तहलाई प्रदेश र संघीय सरकारले सघाउनुपर्छ। अध्ययन-अनुसन्धानमा पनि हरित ग्रामीण पुनरूत्थान मोडलबारे छलफल चलाउनुपर्छ। ग्रामीण क्षेत्रको पुनरूत्थानले नै नेपाललाई दिगो विकास र समृद्धिको मार्गमा अग्रसर गराउन सक्छ।(लेखक संयुक्त राष्ट्रसंघमा कार्यरत छन्। लेखमा व्यक्त विचार निजी हुन्।)सेतोपाटी

# मौद्रिक नीति : कसिलो कि लचिलो ?

रिसव गौतम

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले संसद्मा बजेट प्रस्तुत गरिसकेपछि मौद्रिक नीतिबारे मन्थन सुरु भएको छ। नेपाल राष्ट्र बैङ्कले पनि मौद्रिक नीति निर्माणको गृहकार्य थालिसकेको छ।

एक खालको परस्पराजस्तै बनिसकेको मौद्रिक नीतिको मन्थनमा अक्सर व्यापारिक सङ्गठनहरू, बैङ्करहरू सहभागी हुने गर्छन्। खासगरी बैङ्क तथा वित्तीय संस्थाका सञ्चालक तथा साहुहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मन्थनमा सहभागी हुन्छन्।

मौद्रिक नीतिबारे तारे होटलमा मन्थन हुने गर्छ, तर त्यहाँ न्यून मध्यम वर्गीय तथा गरिब किसानको आवाज र माग मुखरित हुँदैनन्। किनकि उनीहरूको सहभागिता त्यहाँ हुँदैन।

केन्द्रीय बैङ्क र सरकारको समेत सल्लाहकारको भूमिकामा रहेको नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति सम्बन्धमा किन व्यापारीको मात्रै कुरा सुन्छ ? किन सर्वसाधारण जनताको आवाज सुन्दैन ? तारे होटलहरूमा अक्सर व्यापारिक सङ्गठनले नै त्यस्ता बहस कार्यक्रमको आयोजना किन गर्छन् ? जहाँ उनीहरूका माग सुनाइन्छन्। बैङ्कहरूका लागि मौद्रिक नीति यो खालको सम्बोधन गर्नुपर्‍यो, व्यवसायीका लागि त्यो खालको नीति आउनुपर्‍यो भनेर माग सुनाइन्छन्। देशमा व्यापारी र विभिन्न पेसा गर्नेका धेरै खालका सङ्गठन छन्। तिनीहरूले गर्भरनरलाई भेटी बुँदागत रूपमा मौद्रिक नीतिले यो गर्नुपर्‍यो, त्यो गर्नुपर्‍यो भन्छन्। अन्ततः हरेक साल तिनै व्यापारीका, तिनै सङ्घ सङ्गठनका माग सम्बोधन हुने गरी मौद्रिक नीति आइरहन्छ।

मध्यम वर्ग, गरिब तथा निमुखाका माग नै हुँदैनन् भनेझैँ गरिन्छ, तर देशमा मध्यम तथा गरिब जनताको बाहुल्य छ। मौद्रिक नीतिको आधारभूत अवधारणा नै हरेक मानिसको दैनिकीसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्बन्धित छ। जस्तोः हिजोआज हरेक मानिसले बैङ्कहरूमा नै आफ्नो अलिअलि भएको पैसा बचत गर्छन्। अथवा आफूसँग पैसा भएन भने बैङ्कसँग कर्जा लिन्छन्। आम मान्छेले लिने कर्जाको ब्याजदर तथा उनीहरूले बैङ्कमा जम्मा गर्ने निक्षेपको ब्याजमा राष्ट्र बैङ्कले ल्याउने मौद्रिक नीतिको नै प्रभाव पर्छ। यस्तै महङ्गी नियन्त्रण गर्ने कुरामा, बजेटका नीति तथा कार्यक्रम सफल तथा असफल बनाउने कुरामा मौद्रिक नीतिको ठुलो भूमिका हुन्छ।

त्यसकारण हाम्रोजस्तो आयातमा आधारित र अल्पविकसित देशमा मौद्रिक नीतिको ठुलो महत्त्व छ। मौद्रिक नीतिले रोजगारी सिर्जनादेखि जनताको दैनिकीलाई सहज बनाउने कुरामा समेत सरोकार राख्छ। त्यसकारण मौद्रिक नीतिको बहसमा व्यापारिक सङ्गठनलाई मात्र नभएर आम मान्छेको प्रतिनिधित्व हुन जरुरी छ। आम मान्छेहरू बोलेनन् भनेर उनीहरूलाई सम्बोधनै नगर्ने त हुँदैन।

महँगी नियन्त्रण गर्ने, आर्थिक सन्तुलन कायम गराउने र विकासको काममा सहजीकरण हुने गरी सरकारका कार्यक्रममाथि सघाउ पुर्‍याउने नै मौद्रिक नीतिको मुख्य प्राथमिकता हुनुपर्छ, तर अहिलेको मुलुकको वास्तविकता के छ ? बैङ्कहरूमा किन पैसा थुप्रिरहेको छ ? किन कर्जा लिनेहरू बढेनन् ? खराब कर्जाको दर किन बढिरहेको छ ? उद्यमशीलता किन मौलाएन ? युवाहरू किन पलायन भइरहेका छन् ? भएभरका गाउँहरू किन रित्तिँदै छन् ? कृषियोग्य जमिनहरू किन बाँझो छन् ? औद्योगिक विकास किन हुन सकिरहेको छैन ? औद्योगिक विकासमा पुँजीको बागडोर सम्हालेका वित्तीय संस्थाहरूको भूमिका के हुन्छ ? उत्पादन क्षेत्रको वृद्धिदर किन खुम्चँदो छ ? आयातमा आधारित सेवा व्यापार र मुद्राको व्यापार मात्र किन भइरहेको छ ? अनौपचारिक अर्थतन्त्रको आयातन किन बढिरहेको छ ? अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन राष्ट्र बैङ्कले कस्ता कदम चाल्न आवश्यक छ ? भ्रष्टाचारी र कमिसनखोर किन बढिरहेका छन् ? विदेशी बैङ्कहरूमा नेपालीको रकम किन बढिरहेको छ ? जनताको रगत र पसिनाले आर्जेको रकम भ्रष्टाचार गरेर विदेशी बैङ्कहरूमा थुपार्ने र अनौपचारिक अर्थतन्त्रको ब्यारोमिटर उच्च बनाउनेहरूविरुद्ध ५०० र १००० का नोटहरूको नोटबन्दी गर्ने गरी किन नसोच्ने ?

दलाल र बिचौलियाको बिगबिगी किन छ ? जहाँतहीँ ठगी मात्रै किन छ ? बैङ्कहरूमा कर्जा नतिर्नेहरू किन बढेका छन् ? अधिक तरलताको समस्या किन छ ? हो, यिनै प्रश्नहरूको सेरोफेरोमा मौद्रिक नीति बन्नुपर्छ। यद्यपि मौद्रिक नीति कसिलो भएर हुँदैन, लचिलो र अग्रगामी नै हुनुपर्छ। नियमनमा कडाइ होस् तर नीति लचिलो नै होस्। हरेक नेपालीले देशमै ऋणपान गरेरै केही गर्ने वातावरण मौद्रिक नीतिले देओस्। शैक्षिक बेरोजगारहरूलाई सम्बोधन गर्ने गरी नीति आओस्।

निश्चय पनि अनुदार एवं कष्टसाध्य मौद्रिक नीतिले देश बन्दैन। हामी पूर्ण रूपमा खुला बजार अर्थतन्त्रको अभ्यासमा छौँ। मूलतः हामी पुँजीवादी आर्थिक मोडलहरू, नीति तथा कार्यक्रमहरू बोकेरै वर्षौंदेखि हिँडिरहेका छौँ। पुँजीवाद आर्थिक विकास र प्रतिस्पर्धाका लागि नराम्रो होइन। यसको विरोध गरेर मात्र हुँदैन। यसको वितरण प्रणाली समन्यायिक हुन सक्दैन भन्ने कुरामा धेरैको विमति छ। तर पनि हामीले संविधानमै समाजवाद उन्मुख हुने परिकल्पना गरेका छौँ। पुँजीवादी आर्थिक प्रणालीकै माध्यमबाट प्रशस्त आर्थिक प्रगति गर्दै समाजवादतर्फ उन्मुख हुने हाम्रो घोषित तथा अघोषित बाटो हो। त्यसकारण मौद्रिक नीति लचिलो नै होस्। आर्थिक विकासलाई टेवा पुर्‍याउने नै होस्। अहिलेको आवश्यकता पनि त्यही हो।

मौद्रिक नीतिले महँगी र बेरोजगारी समस्यालाई प्राथमिकता दिएर व्यवस्था गर्नुपर्छ। महँगीले सबैभन्दा प्रताडीत हुने भनेकै गरिब तथा विपन्न वर्ग, न्यून आय भएको वर्ग हो। काठमाडौँबाट मान्छेहरू त्यसै रित्तिएका छैनन्। एकातिर मान्छेका रोजगारी खुम्चिएका छन्, सूचना प्रविधिका कारणले। अर्कोतर्फ आयस्रोत खुम्चिएको छ मन्दी लगायत कारण। झन् बढ्दो महँगी, घर तथा सटर भाडामा बर्सेनि वृद्धि, आर्थिक अराजकता आदिले मान्छेहरू उपायविहीन भएर गाउँ फर्केका हुन्। विदेश पलायन भएका हुन्।

त्यसकारण गाउँ फर्केकालाई गाउँमै टिकाउन कृषिमा, पर्यटनमा, घरेलु उद्यममा वित्तीय सहजीकरण गर्ने गरी मौद्रिक नीति आउनुपर्छ। अहिले आर्थिक सङ्कुचन आइरहेको स्वयं अर्थको बागडोर सम्हालेकाले नै बताइरहेका छन्। धेरैजसो सेवा व्यापार र घर-जग्गामा लगानी लगाइरहेका बैङ्कहरू समेत उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने कुरा गर्न थालेका छन्। त्यस कारण अर्थतन्त्रलाई सङ्कुचनमा आउन नदिई विस्तार गर्न पनि कृषि, पर्यटन र उत्पादनमूलक उद्योग क्षेत्रमा लगानी बढाउन आवश्यक छ।

अहिले मर्जर नीतिका कारण बैङ्क तथा वित्तीय संस्थाहरू घटेका छन्। राष्ट्र बैङ्कले त्यसमा आफ्नो सफलता देखेको छ, तर सँगसँगै वित्तीय पहुँच घट्न थालेको, बैङ्क चलाउने उच्च घरानाका व्यापारीहरूको हातमा वित्तीय स्रोतको बागडोर पुगेको कुरा भुलेको छ। वित्तीय असमानता बढेको छ। गरिब तथा विपन्न वर्गले ऋण पाउन मुस्किल छ। सहकारी क्षेत्र डुबाइएको छ। एकभन्दा बढी लघुवित्तबाट ऋण लिन नपाउने गरी राष्ट्र बैङ्कले लघुवित्तहरूलाई कसेपछि ग्रामीण क्षेत्रका मानिस उपायविहीन भइरहेका छन्। ऋणका लागि बैङ्कसम्म जाने आँटको विकास उनीहरूमा भएको छैन।

मौद्रिक नीतिले रोजगारी सिर्जनादेखि जनताको दैनिकीलाई सहज बनाउने कुरामा समेत सरोकार राख्छ। त्यसकारण मौद्रिक नीतिको बहसमा व्यापारिक सङ्गठनलाई मात्र नभएर आम मान्छेको प्रतिनिधित्व हुन जरुरी छ। आम मान्छेहरू बोलेनन् भनेर उनीहरूलाई सम्बोधनै नगर्ने त हुँदैन।

ग्रामीण भेगहरूमा वित्तीय साक्षरताको कमी छ। ७५३ वटै स्थानीय तहमा कुनै न कुनै वाणिज्य बैङ्कको शाखा पुगिसकेको भए पनि त्यहाँ उनीहरूले सामाजिक सुरक्षा भत्ता बाँड्ने र अलिअलि गाउँलेका निक्षेप सङ्कलन गर्ने सिवाय अरु गरेका छैनन्। अहिले बैङ्क तथा वित्तीय संस्थाहरूमा मुलुकको जनसङ्ख्या भन्दा डेढ गुणा धेरै अर्थात् ५ करोड १ लाख खाता खोलिएको आँकडा छ। तर तिनै संस्थाहरूमा १८ लाख ४२ हजारले मात्रै कर्जा सेवा पाएका छन्। अर्थात् ६ प्रतिशतले मात्रै बैङ्क तथा वित्तीय संस्थाबाट ऋण पाएका छन्, त्यसमा पनि अधिकांश ठुला सहरका खातावालाले मात्रै पाएका छन्। पढे-लेखेका, व्यापारी वर्ग र पहुँच भएकाहरूले मात्र ऋण पाएका छन्। त्यसले नै प्रस्ट गर्छ कि ग्रामीण क्षेत्रका मानिसको बैङ्क तथा वित्तीय संस्थामा न्यून पहुँच छ।

एकातिर सहकारी क्षेत्र ढलेको छ, अर्कोतिर लघुवित्त कसिएको छ, बैङ्कमा वित्तीय पहुँच छैन अनि ग्रामीण भेगका मानिस जाऊन् कहाँ ? फेरि उही साहु महाजनकहाँ ? उही सुदखोरहरूकहाँ ? त्यसकारण आगामी मौद्रिक नीतिले वित्तीय पहुँच र अवसर तल्लो वर्गसम्मलाई सहज रूपमा दिलाउनुपर्छ। वित्तीय पहुँचको असमानता घटाउनुपर्छ।

मौद्रिक नीतिले कर्जाको ब्याजदर पनि घटाउनुपर्छ। कर्जाको ब्याजदर घटाइयो भने न उत्पादन लागत घट्छ। त्यसले बजार महँगी समेत कम गर्दछ। उद्यमशीलतालाई प्रोत्साहन गर्दछ। उद्यमीय गतिविधि बढ्छन् र रोजगारी सिर्जना हुन्छ। त्यसकारण ब्याजदरलाई न्यून गर्ने कुरामा राष्ट्र बैङ्कको नीतिले अति नै जोड दिनुपर्छ। अनौपचारिक अर्थतन्त्र घटाउने उपाय मौद्रिक नीतिले खोज्नुपर्छ। अर्थतन्त्रमा घुमिरहेका रकमहरू बैङ्क तथा वित्तीय संस्थामा पुग्ने वातावरण सिर्जना गर्नुपर्छ। त्यसो हुँदा विगतको जस्तो तरलता सङ्कटको जोखिम अर्थतन्त्रले भोग्नुपर्दैन।

न्यून उत्पादन, अधिक आयात र बढ्दो मुद्रास्फीतिको चपेटा छ नेपाली अर्थतन्त्र। आयातमा निर्भर अर्थतन्त्र भएकाले पनि बर्सेनि मुद्रास्फीति बढेको बढ्यै छ। त्यसकारण उत्पादन बढाउने कुरामा मौद्रिक नीति केन्द्रित हुनुपर्छ। कृषि उत्पादन, औद्योगिक उत्पादनको क्षेत्रमा लगानी बढाउँदा मात्रै उत्पादन बढ्छ र आयातित वस्तुहरू भन्दा हाम्रा उत्पादन सस्तो भई मुद्रास्फीति नियन्त्रणमा आउँछ। त्यसले आम मानिसको जनजीविकामा सहजता प्रदान गर्छ। त्यसकारण सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ल्याउने मौद्रिक नीति लचिलो गरी ल्याउन जरुरी छ।रातोपाटी

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको विहिबारको बैठकको विशेष समयमा सांसदहरुले समसामयिक विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सांसदहरुले किसान, सहकारी पीडितको समस्यादेखि राजदूत नियुक्ति पारदर्शीता हुनुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।



बैठकमा सहभागी अधिकांश सांसदले कृषि उत्पादन प्रवर्द्धन प्रोत्साहन गरिनुपर्ने, कृषिको यान्त्रीकरण, दूध तथा उखु किसानको रकम भुक्तानी दिनुपर्ने, सहकारी पीडितको रकम फिर्ता तथा विभिन्न मुलुकमा राजदूत नियुक्ति गर्दा कूटनीतिक मर्यादाको ख्याल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

सांसद नारायणप्रकाश साउदले राजदूतजस्तो संवेदनशील पदलाई पारदर्शी रुपमा नियुक्त गरी मुलुकको प्रतिष्ठा र मर्यादालाई अन्तराष्ट्रियस्तरसम्म चिनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले राजदूत जस्तो विषयलाई गम्भीरताका साथ लिएर पारदर्शी पद्दतीबाट नियुक्ती गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद गोकुलप्रसाद बाँस्कोटाले सरकार र मन्त्री फेरिए पनि किसानको समस्या जस्ताको तस्तै बताउनुभयो । उहाँले आज दूध किसानले रु पाँच अर्ब बढी रकम महिनौँदेखि भुक्तानी नपाएको भन्दै तत्काल भुक्तानीका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले दूध, किसान, पशुचौपायाको क्षतिपूर्ति नदिएर किसानलाई किन रुवाएको भनी सभामुखमार्फत सरकारलाई प्रश्न गर्नुभयो । सांसद बाँस्कोटाले आफूहरुले लम्पी स्किनको सङ्क्रमणबाट पशुचौपायामा परेको समस्याबारे बारम्बार सदनमा कुरा उठाउँदा पनि किसानले बीमा र गाईवस्तुको क्षति पाउन नसकेको गुनासो गर्नुभयो । उहाँले कृषि उत्पादनमा किसानलाई प्रोत्साहन, कृषिको आधुनिकरणको विषयलाई सरकारले प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

सांसद देवेन्द्र पौडेलले असारे विकास बजेटलाई निरुत्साहित गरिनुपर्ने खाँचो औँल्याउनुभयो । उहाँले बजेटको प्रभावकारी कार्यान्वयनका लागि सबै मन्त्रालय र निकाय जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

सांसद पौडेलले मनसुन सुरु भइसकेकाले विपद्जन्य घटनाको सामाना गर्न र सम्भावित जोखिम नियन्त्रणका लागि सबै संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न तथा तदारुकताका साथ राहत र उद्धारमा खटिन सबै किसिमको व्यवस्थापकीय काम गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले कृषि उत्पादन प्रवर्द्धनका कार्यक्रमलाई समेटिनुपर्ने, सहकारी पीडितको समस्या समाधान गर्नुपर्ने र लामो समयदेखि उखु किसानले नपाएको भुक्तानी सम्बोधन गर्नुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद चन्दा कार्की भण्डारीले देशको भविष्यका कर्णधार बालबालिकाको संरक्षण, शिक्षामा पहुँच विस्तार तथा सीप प्रवर्द्धनका लागि उचित व्यवस्था गरिनुपर्ने माग गर्नुभयो । बालविवाह समाजको ठूलो रोगकारुपमा रहेको, अध्ययन गर्नुपर्ने बेला, मजदुरी तथा यौनदुव्यवहारको सिकार हुने गरेको भन्दै उहाँले सरकारले विशेष योजना बनाएर उनीहरुको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । सांसद कार्कीले बालविवाहबारे कानुन बनेपनि कार्यान्वयन पक्ष फितलो रहेको भन्दै यसलाई कडाइका साथ लागू गर्न आग्रह गर्नुभयो ।

सांसद विक्रम पाण्डेले देशभर मनसुनजन्य घटनामा धेरै नेपालीको ज्यान गएको, ठूलो धनबालीको क्षति भएको भन्दै मृतकप्रति श्रदाञ्जलि व्यक्त गर्दै पीडितलाई राहत र उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसमक्ष माग गर्नुभयो । उहाँले निरन्तरको वर्षाले चितवनको माडीका विभिन्न क्षेत्र प्रभावित भएको उल्लेख गर्दै बाढीपहिरोबाट हुने क्षति न्युनीकरण गर्न, अवरुद्ध भएका विद्युत् र यातायातको सहज सञ्चालनको व्यवस्थापनमा सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले किसानले बीउ र मल नपाएर निकै सास्ती बेहोर्नुपरेको, दूध किसानले लामो समय भुक्तानी नभएको भन्दै चाँडो भुक्तानीको व्यवस्था मिलाउन माग गर्नुभयो ।

सांसद अनितादेवी साहले विगतका वर्ष झैं यसपटक पनि मनसुन सुरु भएसँगै जनधनको क्षति भइरहेको बताउनुभयो । उहाँले हालै मधेश प्रदेशको सप्तरीको रोपनी गाउँपालिका कञ्चनपुरस्थित धेरै घर डुबानमा परेको र त्यहाँका जनताले सास्ती बेहोर्नुपरेको भन्दै राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले हरेक वर्ष मनसुनजन्य विपद्बारे कुरा उठेपनि पूर्वतयारीका लागि अहिलेसम्म प्रभावकारी काम हुन नसकेको जिकिर गर्नुभयो ।

सांसद रेखा यादवले पछिल्लो दुई दिनदेखि कोशी प्रदेशमा मनसुनजन्य विपद्का कारण आठ जनाले ज्यान गुमाएको र देशभर २८ जना भन्दा बढीको ज्यान गएको भन्दै विपद् व्यवस्थापन र पीडितलाई राहत उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले मोरङको रङ्गेलिमा खोला तर्ने क्रममा एक जनको ज्यान गएको, उक्त खोलाले धानबाली बिगारेको तथा विराटनगर जलमग्न भएको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सर्वेन्द्रनाथ शुक्लाले जबसम्म विकास सूचकाङ्कलाई विनियोजन बजेटको आधार बनाइँदैन तबसम्म यस्ता असन्तुष्टि र राष्ट्रिय पुँजीको चरम दुरुपयोग भइरहने हुँदा यसले विकासको गतिलाई अवरोध सिर्जना गर्ने भन्दै यसलाई सच्याएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । सांसद प्रेम सुवालले बिआरआई परियोजनालाई देशको हित र लाभसँग जोडेर अगाडि बढाइनुपर्ने बताउनुभयो । उहाँले नेपाल वायुसेवा निगमको कमजोर अवस्थालाई सुधार्न सरकारले विशेष कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

सांसद चित्रबहादुर केसीले अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) र बिआरआई परियोजना मुलुकको विकासमा केन्द्रित भएर स्वीकार गर्नुपर्ने बताउनुभयो । सांसद प्रभु साहले सरकारी आङ्गिक कलेजमा शिक्षाका नाममा व्यापार गर्न नहुने भन्दै शिक्षा क्षेत्रमा भइरहेको खुलेआम अनियमितता रोक्न सरोकार भएका निकाय गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद योगेन्द्र मण्डलले पछिल्लो दुई दिनको भारी वर्षाले मोरङ र सुनसरी जिल्लाका विभिन्न स्थानमा ठूलो धनजनको क्षति भएको, विभिन्न स्थानमा सयौँ बस्ती डुबानमा परेका भन्दै पीडितलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन माग गर्नुभयो । सांसद राजेन्द्र बजगाँईले बिआरआई चीनको मूख्य रणनीतिक कार्यक्रम भएको भन्दै यो एमसिसीको प्रतिस्पर्धी नरहेकाले परियोजनाको 'एमओयू डकुमेन्ट' संसद्मा प्रवेश गराउन माग गर्नुभयो ।

सांसद ठाकुरे गैरेले विगतका वर्षमा जस्तै यस वर्षपनि धेरै समय लगाएर बजेटमाथि छलफल गरिएको भन्दै परम्परागत शैलीको जस्तै केही परिवर्तन नगरी बजेट पारित भएको बताउनुभयो । उहाँले बजेटमाथिको छलफलको 'मोडालिटी' परिवर्तन हुन जरुरी रहेको खाँचो औँल्याउनुभयो । उहाँले बजेटमाथिको असङ्गति र विभेद्लाई पनि समाधान गरिनुपर्ने बताउनुभयो ।

सांसद डा तोसिमा कार्कीले स्वाथ्यकर्मी तथा स्वास्थ्य क्षेत्रको सुरक्षा कामय गरी स्वास्थ्य संस्थालाई शान्ति क्षेत्रका रुपमा घोषण गरेर स्वास्थ्यकर्मीमाथि हुने आक्रमण रोक्न सरकारसमक्ष माग गर्नुभयो । सांसद दिनेशकुमार यादवले कोशी र मधेश प्रदेशका विभिन्न जिल्लामा डुबानका घटना बढेको, केही व्यक्तिको ज्यानसमेत गएको, किसानको धानको बीउ बगाएको भन्दै उनीहरुलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद अच्युतप्रसाद मैनालीले मनसुनजन्य विपद्का घटना नियन्त्रण र दीर्घकालीन व्यवस्थापनका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो । सांसद रमा कोइरालाले देशभर वर्षापछिको बढीपहिरोलगायत विपद्का घटनामा धनजनको क्षति भएको भन्दै पीडितलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले दैवीप्रकोप व्यवस्थापनप्रति सामना गर्ने क्षमता अभिवृद्धि गर्न पनि माग गर्नुभयो ।

सांसद इश्वरी घर्तीले सरकारी लगानी रहेका सार्वजनिक संस्थान किन सधैँ घाटामा हुन्छन् भनी प्रश्न गर्दै नेपाल वायुसेवा निगम, नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थानलगायत संस्था निरन्तर घाटामा गइरहेको, ऋणको दायित्व बढेको भन्दै ती संस्थानलाई हप्तक्षेपमुक्त गराई व्यावसायिक बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सांसद जावेदा खातुन जागाले तराईमा किसानले धान रोप्न सुरु गरिसकेको अवस्थामा रासायनिक मलको अभाव झेल्नुपरेको, मल प्राप्तिका लागि दिनभर लामो लाइन लाग्दा पनि नपाएको किसानको गुनासो आइरहेको भन्दै सरकारले यथाशीघ्र उक्त समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो । सांसद लालप्रसाद साँवा लिम्बूले सङ्घर्षरत क्रसर तथा खानी उद्योग र सुनचाँदी उद्योग व्यवसायीको माग सम्बोधन गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद उर्मिला थेवेले वर्षापछि आएको पहिरोले ताप्लेजुङ्मा चार जनाको ज्यान गएको र जिल्लाको उत्तरी क्षेत्रको सीमा बजार पनि बाढीपहिरोको उच्च जोखिममा परेको भन्दै प्रभावकारी राहत तथा पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद वासुदेव घिमिरेले मुलुकको विकास र समृद्धिको बाधक भ्रष्टाचार हो भन्दै भ्रष्टाचार दोषीलाई हदैसम्मको कानुनी कारबाहीको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो ।रासस

> सांसद वासुदेव घिमिरेले मुलुकको विकास र समृद्धिको बाधक भ्रष्टाचार हो भन्दै भ्रष्टाचार दोषीलाई हदैसम्मको कानुनी कारबाहीको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो ।

# बागमती प्रदेशसभा बैठकमा सम्बन्धित मन्त्रीहरुले जवाफ दिँदै



मकवानपुर । बागमती प्रदेशसभाको विहिबार बसेको बैठकमा विनियोजन विधेयकअन्तर्गत मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको मन्त्रीहरुले जवाफ दिनुभएको छ ।छलफलमा सहभागी प्रदेशसभाका सदस्यहरुले विभिन्न मन्त्रालयले तर्जुमा गरिएको नीति कार्यक्रम र बजेट बाँडफाँडलाई लिएर उठाउनुभएका प्रश्नको सम्बन्धित मन्त्रीहरुले जवाफ दिनुभएको हो ।

बैठकमा श्रम, रोजगारमन्त्री लक्ष्मण लम्साल, कृषि तथा पशुपंक्षी विकासमन्त्री डा राजेन्द्रमान श्रेष्ठ, उद्योग, वाणिज्य भूमी तथा प्रशासनमन्त्री प्रकाश श्रेष्ठ, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री एकालाल श्रेष्ठ, वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखरेल, स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ, युवा तथा खेलकुदमन्त्री रमा आलेमगर, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्य र भौतिक पूर्वाधार तथा विकासमन्त्री युवराज दुलालले छलफलमा उठेका प्रश्नको जवाफ दिनुभएको छ ।

नौ जना मन्त्रीहरुले जवाफ दिनुभएपछि प्रदेशसभाका सदस्यहरुले क्रमशः पुरक प्रश्न गर्नुभएको थियो । आजकै बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकारका तर्फबाट जवाफ दिनुभएपछि बजेट पारित गर्ने कार्यसूची रहेको प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जानकारी दिनुभयो ।सम्बन्धित मन्त्रीहरुले आआफ्नो मन्त्रालयले नीति कार्यक्रम र बजेट बाँडफाँडमा क्रमशः घरेलु तथा मझौला उद्योगलाई प्रोत्साहन, हस्तकला प्रवर्द्धनका लागि गुरुयोजना तर्जुमा, ऐतिहासिक सम्पदाको मर्मत सम्भार, हिमाली क्षेत्रमा पर्यटन विस्तार, पर्यटकलाई आवासीय सुविधा र पर्यटन सूचना प्रवाह गर्ने नीति रहेको स्पष्ट पार्नुभएको छ ।

उक्त बैठकमा स्वास्थ्य क्षेत्रको विकासलाई गुणात्मक रुपमा स्तरोन्नति गर्न सबै अस्पतालमा दक्ष चिकित्सक, स्वास्थ्यकर्मीहरुको दरबन्दी सृजना गर्ने र अस्पतालमा आउने बिरामीको उपचार सेवा प्रभावकारी बनाइनेतर्फ जोड दिइएको सम्बन्धित मन्त्रीहरुले स्पष्ट पार्नुभएको छ ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विनियोजित बजेटमाथि उठेको प्रश्नको उत्तर दिनुभएपछि बजेट पारित गर्ने प्रक्रिया सुरु हुने प्रदेशसभाका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिनुभयो ।रासस

# सङ्घीय संसद्का संयुक्त र विषयगत समितिमा सांसदहरू हेरफेर

काठमाण्डु । प्रतिनिधिसभाको विहिबारको बैठकले सङ्घीय संसद्अन्तर्गतका केही संयुक्त समिति र विषयगत समितिहरूमा हेरफेर गर्ने सहमति जनाएको छ । सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली २०८० को नियम २५ को २ बमोजिम संसदीय सुनुवाइ समितिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालको स्थानमा डा स्वर्णिम वाग्लेको नाम हेरफेर गर्न सभामुख देवराज घिमिरेले सभाको सहमतिका लागि प्रस्ताव गर्नुभएको थियो । उक्त प्रस्तावलाई बैठकले सहमति जनाएको हो ।

त्यस्तै, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७७ बमोजिम विभिन्न विषयगत समितिमा सदस्यको नाम थप तथा हेरफेरका लागि पनि प्रतिनिधिसभाको विहिबारको बैठकले सहमति जनाएको छ । प्रमुख प्रतिपक्ष दल नेपाल कांग्रेसका सांसद डा प्रकाशशरण महतलाई अर्थसमिति र सांसद नारायणप्रकाश साउदलाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पठाइएको छ ।

कांग्रेसका सांसद सीता गुरुङ र नेकपा (एमाले) का सांसद सुहाङ नेम्वाङलाई कानुन, न्याय तथा मानवअधिकार समितिमा जिम्मेवारी दिइएको हो । त्यसैगरी, कांग्रेसका सांसदद्वय रमेश रिजाल र सुरेन्द्रराज आचार्यलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा जिम्मेवारी दिइएको छ ।कांग्रेस सांसदहरू टेकबहादुर गुरुङलाई कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा, धनराज गुरुङ, मोहनबहादुर बस्नेत र डिगबहादुर लिम्बूलाई शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाइएको छ । जनमत पार्टीका सांसद अनिता देवीलाई राज्यव्यवस्था तथा सुशासन समितिमा पठाइएको छ ।

त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू हरि ढकाल र असिम शाहको विषयगत समितिको जिम्मेवारी हेरफेर भएको छ । ढकाललाई सार्वजनिक लेखा समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा र शाहलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट सार्वजनिक लेखा समितिमा पठाइउने प्रस्तावलाई प्रतिनिधिसभाले सहमति जनाएको हो ।त्यस्तै, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३ बमोजिम प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समितिमा जनमत पार्टीका सांसद अब्दुल खांनको स्थानमा सांसद देवी मनोनित हुनुभएको छ ।रासस

# साहित्यिक पत्रकारिता सूचना प्रविधिमैत्री हुनुपर्छ : सञ्चार मन्त्री

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले साहित्यिक पत्रकारितालाई सूचना प्रविधिसँग जोड्न आवश्यक रहेको बताउनुभयो । उहाँले यसका लागि मन्त्रालय सहकार्य गर्न सधैँ सकारात्मक रहेको बताउनुभयो ।



नेपाल साहित्यिक पत्रकार सङ्घको १८औँ स्थापना दिवसको कार्यक्रममा मन्त्री शर्माले पत्रकारिताको इतिहासको सुरुआत नै साहित्यिक पत्रकारिताबाट सुरु भएको स्मरण गर्नुभयो । भारतको बनारसदेखि नेपाली साहित्यिक पत्रकारिता उदाएको उल्लेख गर्दै उहाँले साहित्यिक पत्रकारिताले नेपालमा पत्रकारिताको विकास गर्न सहयोग पुगेको बताउनुभयो ।

"पत्रिकारिताको पुरानो धरालत साहित्यिक पत्रकारिता हो", मन्त्री शर्माले भन्नुभयो, "अब समयसापेक्ष सूचनामैत्री साहित्यिक पत्रिकारिता बनाउनुपर्छ ।" उहाँले सङ्घलाई यस वर्षदेखि रु दुई लाख सहयोग गरेको उल्लेख गर्दै साहित्यिक पत्रकारिताले समाज रुपान्तरण गर्न मद्दत पुग्ने किसिमका पाठ्यसामग्री उत्पादन गर्न जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा साहित्यिक पत्रकारहरु क्रमशः प्रा डा कृष्णप्रसाद घिमिरे, घनश्याम कँडेल, डा तुलसी भट्टराई, निनु चापागाईं, नरेन्द्रबहादुर श्रेष्ठ, डा अमर गिरी, ईश्वरचन्द्र ज्ञवाली, कृष्ण प्रसाईं, नरनाथ लुइँटेल, हरिगोविन्द लुइँटेल, डा विष्णुविभु घिमिरे, लोकबहादुर थापामगर, नारायणप्रसाद शर्मा र सावित्री श्रेष्ठसम्मानित हुनुभएको छ । सङ्घका अध्यक्ष मोहन दुवालले साहित्यिक पत्रकारिता जोगाउन राज्यको सहयोग महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले सङ्घलाई आर्थिक सहयोग वृद्धि गर्नुभएकामा मन्त्री शर्माप्रति आभार व्यक्त गर्नुभयो । रासस

# विनियोजन विधेयक, २०८१ राष्ट्रियसभामा प्रस्तुत

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले राष्ट्रियसभा नियमावली, २०७५ को नियम १३३ (क) को उपनियम (२) बमोजिम 'विनियोजन विधेयक, २०८१' राष्ट्रियसभा समक्ष प्रस्तुत गर्नुभएको छ । आज बसेको राष्ट्रियसभाको बैठकमा मन्त्री पुनले उक्त विधेयक प्रस्तुत गर्नुभएको हो ।

आगामी आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यका लागि सङ्घीय सञ्चित कोषबाट रकम खर्च गर्नेसम्बन्धी अधिकार दिन र सो रकम विनियोजन गर्न बाच्छनीय भएकाले प्रस्तुत विधेयक पेस गर्नुपरेको मन्त्री पुनले बताउनुभयो । "प्रस्तुत विधेयकले सङ्घीय सञ्चिती कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निम्ति विनियोजन गर्न सक्ने व्यवस्था छ," उहाँले भन्नुभयो, "राष्ट्रियसभा नियमावली, २०७५ को नियम १३३ (क) को उपनियम (२) बमोजिम 'विनियोजन विधेयक, २०८१' सभा समक्ष प्रस्तुत गर्दछु ।"

यसैगरी राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले 'विनियोजन विधेयक, २०८१' का सम्वन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभा समक्ष टेवुल गर्नुभएको थियो । रासस

# छाउपडी प्रथालाई राज्यले बन्द गर्नुपर्नेमा जोड

काठमाण्डु । राष्ट्रियसभाको विहिबारको बैठकमा सांसदहरुले छाउपडी प्रथालाई राज्यले बन्द गर्नुपर्नेमा जोड दिनुभएको छ । विहिबार बसेको बैठकमा सांसदहरुले छाउपडी प्रथाका कारण किशोरीको सुरक्षा हुने नसकेको भन्दै यो प्रथा अन्त्यका लागि राज्यले आवश्यक नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको हो ।



सांसद सुरेशकुमार आलेमगरले केही दिन अगाडि अछाममा छाउपडीमा राखिएकी किशोरीमाथि भएको बलत्कारको घटनाप्रति आपत्ती जनाउँदै पीडित किशोरीलाई मनोवैज्ञानिक क्षतिपूर्ति आवश्यक रहेको बताउनुभयो । "छाउपडी प्रथा तुरुन्तै राज्यले बन्द गर्नुपर्छ । यसका लागि आवश्यक नीति बनाएर कायान्वयन गर्नुपर्छ", उहाँले भन्नुभयो, "किशोरीलाई न्याय र पीडकलाई कडा रुपमा कानुनी कारबाही गर्नुपर्छ ।"

सांसद कृष्णबहादुर रोकायले राज्य भएको अनुभूति जनताले गर्न नपाएको भन्दै जनताका विद्यमान समस्या समाधानका लागि राज्यले चासो देखाउन नसकेको आरोप लगाउनुभयो । "गत कात्तिकमा जाजरकोट केन्द्रविन्दु बनाएर गएको भूकम्पका कारण भत्किएका घर बन्न सकिरहेको छैन, अस्थायी बसोबासको रुपमा टहरा प्रयोग भए पनि वर्षामा पानी छिर्ने तथा सर्प छिर्ने समस्या छ", उहाँले भन्नुभयो, "भूकम्पपीडितको समस्या समाधानतर्फ सरकारको ध्यान गएको छैन, त्यहाँका जनताको आवाज सरकारले सुन्नुपर्छ ।"


सांसद तुलसाकुमारी दाहालले मुलुकको अर्थतन्त्रमा आएको शिथिलता हटाउन सरकार गहन हुनुपर्नेमा जोड दिनुभयो । "अर्थतन्त्रका तीन खम्बे रणनीति, सरकारी, सहकारी र निजी क्षेत्रबीच समन्वय हुनुपर्ने, विप्रेशणबाट प्राप्त रकमलाई उत्पादनशील क्षेत्रमा लगाउनुपर्ने, निजी लगानी आकर्षण गर्न लगानी मैत्री वातावरण बनाउनुपर्छ", उहाँले भन्नुभयो, "स्वदेशी उत्पादनमा जोड दिँदै लगानीकर्तालाई सुरक्षित लगानीको वातावरण बनाउनुपर्दछ ।"

सांसद दाहालले बाँझो जमिनको सदुपयोग गर्दै फलफूल तथा तरकारी बिरुवा उत्पादन गरेर आर्थिक सुधारका लक्ष्य लिन सरकारलाई सुझाव दिनुभयो । किसानका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी सहभागी गराउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद सावित्री मल्लले कर्मचारीको तलब नबढेकाले मनोबल घटेको भन्दै यसमा सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो । उहाँले मुलुकको आर्थिक समृद्धिका लागि कृषि, वन, पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले प्राकृतिक विपत्तिका कारण मृत्यु हुनेका परिवारलाई समयमा नै राहात, घाइतेलाई उपचार र पीडितलाई गाँसबाँसको व्यवस्था गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद तुलप्रसाद विश्वकर्माले अछाममा छाउगोठमा बसिरहेकी किशोरीमाथि भएको बलत्कारको घटनाप्रति छानबिन गरेर पीडितलाई न्याय दिलाउन माग गर्नुभयो । रासस

# श्रीलङ्काका ऋणदाताद्वारा चीनलगायतका मुलुकसँग सम्झौताको विवरण माग




एएफपी

कोलम्बो। श्रीलङ्काका करिब छ अर्ब अमेरिकी डलर बराबरको ऋणको पुनर्संरचना गर्न सहमत भएका द्विपक्षीय ऋणदाताले चीनलगायत अन्य ऋणदातासँग 'व्यवहारको तुलनात्मकता' को माग गरेका छन् ।

जापान,फ्रान्सरभारतकोनेतृत्वमा रहेको आधिकारिक ऋणदाता समिति (ओसीसी) ले कोलम्बोको अन्य ऋण सम्झौताको विवरण माग गरेको बिहीबार एएफपीलाई प्राप्त विज्ञप्तिमा उल्लेख छ ।समूहले बुधवार पेरिसमा पाँच अर्ब ८० करोड अमेरिकी डलर बराबरको ऋण पुनर्संरचना गर्ने सहमति गरेको हो।तर सोही दिन कोलम्बोले चीनको एक्जिम बैंकसँग ४.२ अर्ब अमेरिकी डलरमा अर्को सम्झौता गरेको थियो।

> जापान, फ्रान्स र भारतको नेतृत्वमा रहेको आधिकारिक ऋणदाता समिति (ओसीसी) ले कोलम्बोको अन्य ऋण सम्झौताको विवरण माग गरेको बिहीबार एएफपीलाई प्राप्त विज्ञप्तिमा उल्लेख छ ।

संयुक्त राज्य अमेरिका, क्यानडा र धेरै युरोपेली राष्ट्रहरू सम्मिलित ओसीसीले कोलम्बोलाई 'समस्याको तुलनात्मकता सुनिश्चित गर्न ओसीसीका लागि आवश्यक सबै जानकारी' प्रदान गर्न आग्रह गरेको बताएको छ ।कोलम्बोले ओसीसीले प्रस्ताव गरेजस्तै ' कम्तीमा पनि अनुकूल सर्तहरूमा' निजी ऋणदाताहरूसँग सम्झौता गर्ने अपेक्षा पनि गरेको थियो ।

सन् २०२२ को अप्रिलमा विदेशी मुद्राको अभाव भएपछि श्रीलङ्काले आफ्नो विदेशी ऋण तिर्न सकेको थिएन र अकल्पनीय आर्थिक सङ्कटले तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य बनाएको थियो । श्रीलङ्काले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २.९ अर्ब अमेरिकी डलरको बेलआउट कार्यक्रमअनुसार ऋण पुनर्संरचनालाई द्रुत गतिमा सम्पन्न गर्ने अपेक्षा गरेको थियो, तर चीनसँग सम्झौता गर्न ढिलाइ हुँदा यो प्रक्रिया रोकिएको थियो ।

बेइजिङ श्रीलङ्काको अहिलेसम्मकै सबैभन्दा ठूलो एकल ऋणदाता हो, तर चिनियाँ अनुदान सहुलियत द्विपक्षीय ऋण र निजी व्यावसायिक ऋणमा विभाजित छ ।चिनियाँ द्विपक्षीय ऋणको ४.२ अर्ब अमेरिकी डलर बुधबार ऋण पुनर्संरचना अन्तर्गत व्यवहार गरिएको थियो तर निजी व्यावसायिक ऋण मानिएको चाइना डेभलपमेन्ट बैंकबाट २.१८ अर्ब डलर ऋणको बारेमा कुनै जानकारी दिइएको छैन ।

यस प्रक्रियामा संलग्न स्रोतका अनुसार चिनियाँ विकास बैङ्कको ऋणलाई १२.५५ अर्ब डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रसरह व्यवहार गरिने सम्भावना छ ।मार्चको अन्त्यसम्मको सरकारी कोषको तथ्याङ्कअनुसार श्रीलङ्काको कूल वैदेशिक ऋण ३७ अर्ब अमेरिकी डलर अनुमान गरिएको छ ।

कूल १० अर्ब ५८ करोड अमेरिकी डलरमध्ये चीनले चार अर्ब ६६ करोड डलर, जापानले दुई अर्ब ३५ करोड डलर र भारतले एक अर्ब ३६ करोड डलर ऋण कोलम्बोलाई दिएका छन् ।

# आधाभन्दा धेरै सुडानीहरू 'गम्भीर खाद्य असुरक्षा' को सामना गर्दै

एएफपी

पोर्ट सुडान । करिब दुई करोड ५६ लाख अर्थात सुडानको आधाभन्दा धेरै जनसंख्याले उच्चस्तरको 'गम्भीर खाद्य असुरक्षा' को सामना गरिरहेको संयुक्त राष्ट्रसङ्घले बिहीबार उद्धृत गरेको एक प्रतिवेदनमा बताइएको छ ।

एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आइपिसी) का अनुसार उक्त संख्यामा सात लाख ५५ हजारले भोकमरीको सामना गरिरहेका छन् भने ८५ लाख मानिसले 'आपत्कालीन' स्थितिको सामना गरिरहेका छन् । अब्देल फताह अल-बुरहानको नेतृत्वमा रहेको नियमित सेना र उहाँका पूर्व डेपुटी मोहम्मद हमदान डागलोको नेतृत्वमा रहेको शक्तिशाली अर्धसैनिक र्यापिड सपोर्ट फोर्स (आरएसएफ) बीच लडाइँ सुरु भएपछि सुडान सन् २०२३ देखि युद्धको चपेटामा परेको छ ।



युद्धले हजारौँको ज्यान लिएको छ, लाखौँ मानिस विस्थापित भएका छन् र संसारको सबैभन्दा खराब मानवीय सङ्कटमध्ये एकलाई जन्म दिएको छ । "द्वन्द्वको १४ महिनापछि सुडानले देशमा आइपिसीले रेकर्ड गरेको अहिलेसम्मको सबैभन्दा खराब स्तरको खाद्य असुरक्षाको सामना गरिरहेको छ", प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनले डिसेम्बरमा प्रकाशित पछिल्लो आँकडाको तुलनामा 'खाद्य सुरक्षाको स्थितिमा गम्भीर र तीव्र गिरावट' तर्फ सङ्केत गरेको छ । यसमा उच्चस्तरको तीव्र खाद्य असुरक्षाको सामना गर्ने मानिसहरूमा ४५ प्रतिशतले वृद्धि भएको छ ।

"द्वन्द्वले ठूलो मात्रामा विस्थापन र आपूर्ति मार्गमा व्यवधान मात्र उत्पन्न गरेको छैन, यसले आवश्यक मानवीय सहायतासम्मको पहुँचलाई पनि गम्भीररूपमा सीमित गरेको छ, जसले स्थिति पहिलाभन्दा गम्भीर भएको छ", अत्यधिक खराब स्वास्थ्य सेवाहरू, जल प्रदूषण र खराब सरसफाइ तथा स्वच्छताको अवस्थालाई उद्धृत गर्दै आइपिसीले भनेको छ ।द्वन्द्वग्रस्त क्षेत्रहरूमा फँसेका मानिसहरू र लडाइँबाट आन्तरिक वा विदेशमा भागेकाहरू विशेषरूपमा खाद्य असुरक्षाप्रति संवेदनशील भएको प्रतिवेदनले उल्लेख गरेको छ ।

राष्ट्रसङ्घीय विशेषज्ञहरूले द्वन्द्वका दुवै पक्षले भोकमरीलाई युद्धको हतियारका रूपमा प्रयोग गरिरहेको आरोप लगाएको एक दिनपछि आइपिसीको प्रतिवेदन आएको छ । राष्ट्रसङ्घका चार स्वतन्त्र अधिकार विशेषज्ञहरूले बुधबार सेना र आरएसएफ दुवैलाई सैन्य सहायता प्रदान गर्ने विदेशी सरकारहरू युद्ध अपराधमा 'सहभागी' रहेको बताएका थिए ।

# अफगानिस्तानलाई हराउँदै दक्षिणअफ्रिका फाइनलमा



काठमाण्डु । अफगानिस्तानलाई पराजित गर्दै दक्षिणअफ्रिकाटिट्वान्टीविश्वकप क्रिकेटको फाइनमा पुगेको छ । ट्रिनिडाड एण्ड टोबोगोको टरौबामा विहिबार भएको पहिलो सेमिफाइनल खेलमा दक्षिणअफ्रिका अफगानिस्तानलाई नौ विकेटले पराजित गर्दै विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको हो ।

टस जितेर पहिला ब्याटिङ रोजेको अफगानिस्तानले दक्षिणअफ्रिकालाई ५७ रनको लक्ष्य दिएको थियो । जवाफमा दक्षिणअफ्रिकाले आठ दशमलव ५ ओभरमा एक विकेट गुमाएर लक्ष्य पूरा गरेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । दक्षिणअफ्रिकाको लागि रिजा हेन्ड्रिकसले सर्वाधिक २९ रनको योगदान दिएभने कप्तान कप्तान ऐडन मारक्रमले २३ रन बनाए ।

अफगानिस्तानका लागि अजमतुल्लाह ओमार्जाइले १० रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।रासस

# यमनका हुथी र इराकी सैनिकको इजरायलविरुद्ध संयुक्त आक्रमण

सिन्ह्वा

साना । यमनको हुथी समूहले बुधबार इराकी लडाकूसँगको सहकार्यमा इजरायली बन्दरगाह हाइफामा राखिएको इजरायली जहाजमा संयुक्त ड्रोन आक्रमण गरेको जनाएको छ ।

"इस्लामिक सैनिकसँगको सहकार्यमा इजरायली स्वामित्वको मालवाहक जहाज 'एमएससी मान्जानिलो'लाई निशाना बनाएर ड्रोन आक्रमण गरिएको छ," हुथी सैन्य प्रवक्ता याह्या सारियाले अल-मसिराह टेलिभिजनमार्फत जानकारी गराउनुभयो । उहाँले आक्रमणले पूर्ण सफलता हासिल गरेको जानकारी गराउनुभयो । "हामी प्यालेस्टिनी जनताको समर्थनमा इराकी इस्लामिक प्रतिरोधसँग यो संयुक्त सैन्य कारबाही जारी राख्नेछौं," सारियाले यस आक्रमणलाई इजरायल-प्यालेस्टाइन सङ्घर्षसँग जोड्दै भन्नुभयो । उहाँले प्यालेस्टाइनमा इजरायली आक्रमणको अन्त्य र गाजामा नाकाबन्दी हटाउन माग गर्नुभएको हो । इजरायली अधिकारीहरूले अहिलेसम्म कथित हुथी आक्रमणको बारेमा टिप्पणी गरेका छैनन् ।

साथै संयुक्त राज्य सामुद्रिक व्यापार अपरेसनले बुधवार यमनको बन्दरगाह सहर एडेनको दक्षिणमा एउटा व्यापारी जहाज नजिकै पनि मिसाइल विस्फोट भएको जानकारी दिएको छ । रासस

# विष्फोटक पदार्थ बोक्न सक्ने क्षेप्यास्त्रको सफल परीक्षण

एएफपी

सियोल । प्योङ्याङबाट फोहर बोकेका दर्जनौं बेलुन दक्षिण कोरियामा पठाएको केही दिनपछि उत्तर कोरियाले एकै पटक धेरै संख्यामा बिष्फोटक पदार्थ बाक्ने क्षेप्यास्त्रको सफल परीक्षण गरेको दाबी गरेको सरकारी सञ्चारमाध्यमले बिहीबार बताएका छन् ।

प्योङ्याङले हतियार परीक्षणलाई तीव्रता दिएको छ । दक्षिण कोरियाका अधिकारकर्मीले उत्तरतर्फ पठाएका मानव अधिकार सुरक्षासम्बन्धी सन्देशसहितका बेलुन पठाएको प्रतिशोधस्वरूप प्योङ्याङले दक्षिण कोरियामाथि फोहोरले भरिएको बेलुनहरू पाठाएको थियो । बेलुनले सियोलको प्रमुख हब इन्चोन विमानस्थललाई बुधबार बन्द गर्न बाध्य बनाएको थियो र लगातार प्रक्षेपणहरूको प्रतिक्रियामा, दक्षिणले तनाव कम गर्ने सैन्य सन्धिलाई पूर्ण रूपमा निलम्बन गरेको छ र सीमा नजिकै प्रोपोगान्डा लाउडस्पीकर प्रसारण र प्रत्यक्ष-फायर अभ्यास पुनः सुरु गरेको छ ।



उत्तर कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) का अनुसार उत्तर कोरियाले ' व्यक्तिगत मोबाइल वारहेडको पृथक्करण र मार्गदर्शन नियन्त्रण परीक्षण सफलतापूर्वक सम्पन्न गरेको' दाबी गरेको छ ।अघिल्लो दिन गरिएको परीक्षणका क्रममा 'छुट्टाछुट्टै मोबाइल वारहेडलाई सही तरिकाले तीन वटा ' कोअर्डिनेट टार्गेट'मा डोर्‍याइएको बताइएको छ ।

केसीएनएले भनेको छ, "यो परीक्षण एमआईआरभी क्षमता सुरक्षित गर्ने उद्देश्यले गरिएको हो । यसमा धेरै स्वतन्त्र रूपमा टार्गेट गर्न सकिने रिएन्ट्री भेहिकल टेक्नोलोजी वा एउटै ब्यालेस्टिक क्षेप्यास्त्रमा धेरै वारहेड प्रहार गर्ने क्षमता उल्लेख गरिएको छ ।दक्षिण कोरियाली सेनाले यसअघि बुधबार उत्तर कोरियाले गरेको परीक्षण हाइपरसोनिक क्षेप्यास्त्रको जस्तो देखिएको बताएको थियो ।उक्त क्षेप्यास्त्रबाट सामान्यभन्दा बढी धुवाँ निस्केको देखिएको र यसले दहनको समस्या निम्त्याउने सम्भावना बढेको अधिकारीहरूले बताएका छन् ।

केसीएनएका अनुसार यो परीक्षण १७० देखि २०० किलोमिटरको परिधिभित्र मध्यम दूरीको ठोस इन्धन ब्यालिस्टिक क्षेप्यास्त्रको पहिलो चरणको इन्जिन प्रयोग गरेर गरिएको थियो ।उत्तर कोरियाले लगातार तीन दिनदेखि सयौं फोहोर बोक्ने बेलुन दक्षिणतर्फ उडाएको छ ।सियोलको सेनाले बिहीबार बिहानसम्म उत्तरी ग्योन्गी प्रान्त र सियोल क्षेत्रमा करिब ७० वटा बेलुन अवतरण भइसकेका जनाएको छ ।"करिब १० किलोग्राम तौल भएका बेलुनहरू द्रूत गतिमा तल झर्दा खतरा हुन्छ," उसले भनेको छ ।

पछिल्ला बेलुनहरूको प्रतिक्रिया 'रणनीतिक र परिचालन स्थितिको आधारमा लचिलो हुनेछ। यो उत्तर कोरियाको गतिविधिमा निर्भर गर्छ," विज्ञप्तिमा भनिएको छ ।दक्षिण कोरियाको मरिन कोरले बुधबारदेखि पश्चिमी अन्तरकोरियाली सीमा नजिकका टापुहरूमा प्रत्यक्ष फायर अभ्यास पुनः सुरु गरेको छ । सन् २०१८ मा उत्तर कोरियासँगको तनाव कम गर्ने सैन्य सम्झौता पछि यो अभ्यास पहिलो पटक सुरू गरिएको हो ।

# रूसको दागेस्तान हमलाको राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा निन्दा

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राष्ट्रङ्घीय सुरक्षा परिषद्ले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै रूसको दागेस्तानमा आइतबार भएको आतङ्कवादी हमलाको 'कडा शब्दमा' निन्दा गरेको छ ।सुरक्षा परिषद्का सदस्यहरूले रूसी सङ्घको दागेस्तान गणतन्त्रमा भएको 'जघन्य र कायरतापूर्ण आक्रमण'को कडा निन्दा गरेका हुन ।

विज्ञप्तिमा पीडित परिवार, सरकार र रूसका जनताप्रति गहिरो सहानुभूति र समवेदना व्यक्त गरिएको छ भने घाइतेको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गरिएको छ । आतङ्कवादको गतिविधि र अभिव्यक्तिले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि सबैभन्दा गम्भीर खतरा भएको पुष्टि गर्दै सुरक्षा परिषद्का सदस्यले आतङ्कवादका अपराधी, आयोजक, वित्तपोषण गर्ने तथा प्रायोजकलाई जवाफदेही बनाई न्यायको कठघरामा ल्याउनुपर्ने कुरामा जोड दिए ।



उनीहरूले सबै राज्यहरूलाई अन्तर्राष्ट्रिय कानून र सान्दर्भिक सुरक्षा परिषद्का प्रस्तावहरू अन्तर्गत आफ्ना दायित्वहरू अनुसार यस सन्दर्भमा रूसी सरकार र अन्य सरोकारवाला अधिकारीसँग सक्रिय रूपमा सहयोग गर्न आग्रह गरेका छन् । सुरक्षा परिषद्का सदस्यले आतङ्वादी आक्रमणलाई आपराधिक र अन्यायपूर्ण भएको दोहोर्‍याउदै सबै राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका दायित्व अनुसार आतङ्कवादी कार्यबाट अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा हुने खतरासँग लड्नुपर्ने आवश्यकतालाई औंल्याएका छन् ।

दक्षिणी रूसको दागेस्तान गणतन्त्रमा आइतबार भएको आक्रमणमा प्रहरी अधिकारी र सर्वसाधारणसहित कम्तीमा २१ जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन् ।

# जापानमा "वास्तविक छाला" जस्तै देखिने आवरणसहितको रोबोटको निर्माण

एएफपी

टोकियो । जापानी वैज्ञानिकले मानव कोषहरूको प्रयोग गरेर जीवित छालाजस्तै देखिने आवरणसहितको रोबोटको विकास गरेका छन् ।

सेल रिपोर्ट्स फिजिकल साइन्स जर्नलमा प्रकाशित विवरणमा जापानी वैज्ञानिकले भनेका छन्, "उनीहरूले 'जीवित छालाकोजस्तो आवरणसहितको रोबोट' बनाउन 'छाला बनाउने कोषले भरिएको जेल' प्रयोग गरेका थिए ।

बायोहाइब्रिड रोबोट विशेषज्ञले यो प्रविधिले एक दिन एन्ड्रोइडको आविष्कारमा मानव जस्तो उपस्थिति र क्षमताको साथ भूमिका खेल्ने आशा गरेका छन् । "हामीलाई आशा छ, जीवित प्रणाली र संयन्त्रहरूको वैज्ञानिक अध्ययन (फिजियोलोजी) ले मुजाको बनावट र अनुहारको हाउभाउबारे जानकारी दिन मद्दत गर्नेछ," प्राध्यापक शोजी टेकुचीको नेतृत्वको टोलीले भनेको छ ।

प्रायः सिलिकन रबरबाट बनेको वास्तविकजस्तो देखिने छालाले ढाकेको नयाँ सामग्रीले परम्परागत ' ह्युमनोइड रोबोट' भन्दा एक कदम अगाडिको विकासको सङ्केत दिन सक्छ तर यसले पसिना वा आफैलाई निको पार्न सक्दैन ।वैज्ञानिकहरूको लक्ष्य 'जैविक छालामा निहित आत्म-उपचार क्षमतासहितको रोबोटको निर्माण गर्नु हो' तर उनीहरू अझै त्यहाँ पुगिसकेका छैनन् ।

यसअघिका अध्ययनहरूमा उनीहरूले प्रयोगशालामा हुर्केको छालाको कटमा कोलेजनलाई रोबोटिक औंलाले ढाकेर यसलाई कसरी मर्मत गर्न सकिन्छ भनेर अध्ययन गरी यसको नतिजा बाहिर ल्याएका थिए ।रासस

# भारतको धार्मिक स्वतन्त्रताको अवस्थाप्रति अमेरिकी आयोगद्वारा चासो व्यक्त

एएनआई

वासिङ्टन डीसी । भारतले विगतमा कडा आलोचना गरेको संस्था अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता सम्बन्धी अमेरिकी आयोग (युएससीआईआरएफ) ले घृणापूर्ण भाषण, विध्वंस र धर्मान्तरण विरोधी कानुनमा भएको कथित वृद्धिलाई उद्धृत गर्दै भारतको धार्मिक स्वतन्त्रताप्रति चासो व्यक्त गरेको छ।

आयोगले विश्वभरका धार्मिक स्वतन्त्रताको वार्षिक सर्वेक्षण प्रतिवेदन तयार गर्दछ र लगभग २०० देश र क्षेत्रहरूमा तथ्य-आधारित धार्मिक स्वतन्त्रताको अवस्थाबारे जानकारी प्रदान गर्ने लक्ष्य राख्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो तेस्रो कार्यकाल सुरु गरेको केही हप्तापछि आयोगले यो भनाई सार्वजनिक गरेको हो । यसअघि मे महिनामा,सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई भेदभावपूर्ण राष्ट्रवादी नीतिहरूलाई बलियो बनाएको आरोप लगाएको भन्दै युएससीआईआरएफको यस्तै प्रतिवेदनलाई भारतले अस्वीकार गरेको थियो।

"युएससीआईआरएफ राजनीतिक एजेन्डा भएको पक्षपाती सङ्गठनका रूपमा चिनिन्छ। उनीहरूले वार्षिक प्रतिवेदनको भागको रूपमा भारतको भेषमा आफ्नो प्रचार जारी राख्छन् ", भारतीय विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयस्वालले पत्रकार सम्मेलनमा भन्नुभयो ।

"भारतमा हामीले धर्मान्तरण विरोधी कानुन, घृणापूर्ण भाषण, अल्पसङ्ख्यक धार्मिक समुदायका सदस्यहरूका लागि चिन्ताजनक अवस्था देख्यौ," अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिन्केनले सोमबार वासिङ्टनमा एक कार्यक्रममा भन्नुभयो ।अन्तर ाष्ट्रिय धार्मिक स्वतन्त्रताका लागि अमेरिकी राजदूत रसद हुसेनले पनि भारतको अवस्थाबारे चिन्ता व्यक्त गर्नुभएको छ ।

"भारतमा इसाई समुदायहरूले स्थानीय प्रहरीले धर्मान्तरण गतिविधिको आरोपमा पूजाआजा अवरुद्ध गर्ने समुदायलाई सहयोग गरेको र आक्रमण गर्दा धर्मान्तरणको आरोपमा पीडितहरूलाई पक्राउ गरेको विवरण आउनु चिन्ताजनक बिषय हो," राजदूत हुसेनले भन्नुभयो ।रासस

# यो साता कारोबारको अन्तिम दिन पनि नेप्से परिसूचक घट्यो

काठमाण्डु । पुँजीबजारमा पछिल्लो तीन दिनको कारोबारमा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक लगातार घटेको छ । गत मङ्गलबार र बुधबार लगातार ओरालो देखिएको नेप्से परिसूचकले विहिबार पनि निरन्तरता पाएको हो । यो साताको कारोबारको अन्तिम दिन विहिबार नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ५१ दशमलव ९२ को विन्दुमा कायम भएको हो ।

विहिबार तीन सय ३३ कम्पनीको ८९ लाख एक हजार एक सय ९५ कित्ता शेयर ५० हजार दुई सय ८१ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ७१ करोड ५९ लाख तीन हजार आठ सय २४ मा खुम्चिएको छ । विहिबारको कारोबारपछि कुल बजार पुँजीकरण रु ३२ खर्ब ५३ अर्ब ७४ करोड ४७ लाख ७० हजार बराबर कायम भएको छ ।

बैकिङ, म्युचुअल र अन्य समूहको उपसूचक सामान्य बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह दुई दशमलव २३ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ । विकास बैंक शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ५१, जलविद्युत् शून्य दशमलव ४५, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ९९, उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त शून्य दशमलव ९५ र निर्जीवन समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ ।

त्रिशुली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य विहिबार सबैभन्दा धेरै सात दशमलव ०९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा विहिबार सबैभन्दा धेरै नेपाल फाईनान्स लिमिटेडको रु २२ अर्ब ७६ करोड ४१ लाख आठ सय नौ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको चार लाख दुई हजार चार सय ९९ कित्ता शेयर किनबेच भएको छ ।रासस

# 'पर्यटन राजधानीको दायरा फराकिलो हुनुपर्नेमा जोड'

पोखरा । पर्यटन राजधानीको दायरालाई सङ्कुचनमा नराखी फराकिलो बनाउनुपर्नेमा जोड दिइएको छ । विहिबार पोखरामा महानगरपालिका सहरी योजना आयोगको आयोजना एवं 'युएसएआइडी टि एण्ड सी'को सहयोगमा आयोजित कार्यक्रमका सहभागीले पर्यटन राजधानीको दायरा फराकिलो बनाउनुपर्नेमा जोड दिएका छन् । पर्यटन राजधानी पोखरामा रणनीतिक कार्ययोजनाको प्रतिवेदन मस्यौदाको प्रस्तुति र सरोकार भएकाबीच छलफलका वक्ताले दायरा फराकिलो बनाउने गरी योजना तयार गर्न सुझाव दिएका हुन् ।



कार्ययोजनाको प्रतिवेदन मस्यौदा प्रस्तुत गर्दै डा प्रनिल उपाध्यायले सो सम्बन्धमा सारेकार भएकालाई सुझावका लागि आग्रह गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्य भएको बताउँदै यी सम्पदालाई जोगाएर सपनाको सहरका रुपमा विकास गर्न सकिने उल्लेख गर्नुभयो । पर्यटन राजधानीलाई सङ्कुचनमा नराखी ग्रेटर पोखराको अवधारणाका साथ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । पोखराको पर्यटन प्रवर्द्धनलाई लक्षित गर्दै 'पोखरा भ्रमण वर्ष २०२५' घोषणा गरिएको प्रमुख आचार्यले बताउनुभयो ।

गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं नेपाल पर्यटन यातायात व्यवसायी सङ्घ (एनटिभिए) गण्डकी प्रदेशका पूर्वअध्यक्ष बोबरजङ्ग गुरुङले पर्यटन राजधानीको रणनीतिक कार्ययोजना महानगरका ३३ वटा वडामा मात्रै सीमित हुन नहुनेमा जोड दिनुभयो । पोखरासहित समग्र प्रदेशमा धेरै पर्यटनकीय गन्तव्यको सम्भावना रहेको बताउँदै उहाँले ती सम्भावनालाई उजागर गर्न सुझाव दिनुभयो ।

गण्डकी प्रदेशमा दामोदर कुण्डजस्ता धेरै धार्मिक पर्यटनका सम्भावनायुक्त क्षेत्र रहेको उल्लेख गर्दै गुरुङले ती क्षेत्रको संरक्षण र प्रवर्द्धनसँगै त्यहाँ जानका लागि सहज वातावरण तयार हुनुपर्ने धारणा राख्नुभयो । "दामोदर कुण्ड जान १० दिनका लागि पाँच सय डलर अनिवार्य तिर्नुपर्ने व्यवस्था छ", उहाँले भन्नुभयो, "सडक सुविधा लगायतका कारण पर्यटकले उक्त अवधि छोट्याउन सक्ने भएकाले १० दिनको अनिवार्यता नगरी प्रतिदिन ५० डलर तिर्न सक्ने गरी व्यवस्था गर्नेतर्फ राज्यको ध्यान पुग्नु जरुरी छ ।"

जथाभावी बाटो खन्ने नाममा पदमार्ग मासिँदै गएको अवस्थामा सङ्घले गुरुङ जातिको उद्गमस्थल क्होलासौँथरसँगै प्राचीन बस्तीलाई समेट्दै गुरुङ सम्पदा पदमार्गको प्रवर्द्धन गरेकामा गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष गुरुङले धन्यवाद ज्ञापन गर्नुभयो । गुरुङहरूको प्राचीन बस्ती ताङतिङबाट करापुडाँडा-ताप्रो-क्होलासौँथर-ठूलो लेक-थुर्जु-दूध पोखरी-गुरुङ देउराली-डाँफे खर्क-तिमाङ हुँदै बेँसीसहरसम्मलाई समेटेर गुरुङ सम्पदा पदमार्गका रुपमा विकास गर्न खोजिएको बताउँदै उहाँले त्यसलाई पर्यटन राजधानीको रणनीतिक कार्ययोजनामा समेट्न आग्रह गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा भित्रने पर्यटकको यकिन तथ्याङ्क सङ्कलनका लागि नाकानाकामा सूचना केन्द्र राख्नुपर्नेमा जोड दिनुभयो । पोखरा महानगरपालिकाका होमस्टे व्यवस्थापन समितिका संयोजक उदय सुवेदीले शाहवंशीय इतिहासको उद्गमस्थल कास्कीकोटबाट कास्की जिल्लाको पनि नामाकरण भएको बताउँदै यस्ता गन्तव्यलाई समेट्नुपर्ने धारणा राख्नुभयो ।

बेगनासताल धार्मिक तथा पर्यटन विकास संस्थाका अध्यक्ष ध्रुवनाथ अधिकारीले कुनै पनि योजनाको सफलताका लागि सम्बद्ध सबैबीच सहकार्य र एकता जरुरी रहेको बताउनुभयो । टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले पदयात्रा पर्यटनको विकासका लागि पोखरा आसपासका पदमार्गलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो । पर्यटन राजधानीको प्रवर्द्धनका लागि पहिलो हिमाल आरोहण भएको दिन 'अन्नपूर्ण डे' लाई क्यालेण्डरमा समेटेर जानुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।


खास्टे न्युरेनी संरक्षण समितिका अध्यक्ष हरि अधिकारीले खास्टे तालमा रहेको ज्येष्ठी तालबाराही मन्दिर तथा त्यहाँ बनाउन लागिएको शिव पार्कलाई धार्मिक पर्यटनसँग जोड्न सकिने बताउनुभयो । कार्यक्रममा पोखरा र आसपासका फुर्से खोला, सुरौदी खोला, खुदी खोला जस्ता जलसम्पदालाई जलपर्यटनसँग जोड्न सुझाव दिइएको थियो ।

पोखरा महानगरपालिका सहरी योजना आयोगको उपाध्यक्ष प्रेमलाल लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका सदस्य सुरेन्द्रबाबु तिवारी, युएसएआइडीका प्रतिनिधि, मैदीताल मत्स्य तथा कृषि सहकारीका अध्यक्ष भरतप्रसाद तिवारी, समाजसेवी अशोक पालिखे, वामदेव ढुङ्गानालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# डेङ्गु फैलन नदिन लार्भा नष्ट गर्ने अभियानमा कामपा

काठमाण्डु । काठमाडौँ महानगरपालिका स्वास्थ्य विभाग डेङ्गु सङ्क्रमण फैलाउने लामखुट्टेको बासस्थान र लार्भा नष्ट गर्ने तथा रोगबाट बच्न सामुदायमा सचेतना बढाउने अभियानमा जुटेको छ ।

नियमित पानी पर्न थालेसँगै यो रोगको जोखिम बढ्न सक्ने भन्दै कामपाले यही असार ९ गतेदेखि सबै वडामा उक्त कार्यक्रम सञ्चालन गरिरहेको छ । डेङ्गु नियन्त्रणक 'फोकलपर्सन' ऋषि भुसालका अनुसार यस अभियानमा ६४ स्वास्थ्यकर्मी र पाँच सय ५८ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ ।"रोग सार्ने र महामारी फैलाउने सबै प्रजातिका लामखुट्टे पानी जमेको ठाउँमा बस्छन् । उनीहरूको प्रजनन प्रक्रिया त्यहीँ पूरा हुन्छ । यसकारण पानी जम्न दिनु हुँदैन । यो काम व्यक्ति र समुदाय आफैँले गर्न सक्छन्, त्यसैले अभियान सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो ।



भुसालका अनुसार पानी जमेका खाल्डा पुर्ने, पानीका भाँडा, टायर तथा अन्य स्थानमा जमेको पानी हटाउने, यसमा लामखुट्टेको प्रजनन प्रणाली र रोग फैलिन सक्ने अवस्थाका बारेमा सर्वसाधारणलाई बुझाउने काम अभियानमा क्रममा भइरहेका छन् ।रोगको लक्षण देखिएका बिरामीको परीक्षण, औषधोपचारका लागि वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्न पनि भुसालले आग्रह गर्नुभयो । "पानी परेको समयमा सडक र सडक किनाराका खाल्डाखुल्डीमा फोहर पानी जम्मा हुन्छ । यस्तो पानीमा लामुखट्टेको सङ्ख्या वृद्धि हुन्छ । लार्भा खोज्ने तथा नष्ट गर्दा यस्ता ठाउँलाई प्राथमिकतामा राखेका छौँ", उहाँले भन्नुभयो ।

लार्भा नष्ट गर्न लार्भिसाइड औषधिको प्रयोग गरिएको जनाउँदै भुसालले यो जैविक औषधि रहेको बताउनुभयो । "यसले लामखुट्टे र त्यसका लार्भालाई बाहेक कसैलाई पनि हानी गर्दैन । यो विषादी होइन । औषधिलाई पानीको माथिलो भागमा छर्किने गरिन्छ । यसले लार्भाको पेटमा विष उत्पन्न गर्छ । यसबाट उसको पाचन प्रक्रिया नष्ट हुन्छ । यसबाट पूर्ण विकसित हुन नपाउँदै लार्भा मर्छ", उहाँले भन्नुभयो ।

डेङ्गुको सङ्क्रमणका बारेमा परामर्श दिनका लागि कामपाले निःशुल्क हटलाइन टेलिफोन ११८० चौबीसै घण्टा सञ्चालनमा राखेको जनाएको छ । अस्पताल जानुपरे १०२ नम्बरमा सम्पर्क गरेर निःशुल्क एम्बुलेन्स प्रयोग गर्न सक्ने व्यवस्थासमेत गरिएको छ । एक्कासी उच्च ज्वरो आउनु डेङ्गुको मुख्य लक्षण हो । यससँगै धेरै टाउको दुख्ने, आँखाको गेडी दुख्ने, रिङ्गटा लाग्ने, वाकवाकी लाग्ने, बान्ता हुने, शरीरमा बिमिरा आउनेलगायत यसका मुख्य लक्षण रहेका छन् ।रासस

# इन्ड्राइभले नेपालमा कुरियर सेवा सुरु गर्यो




**टुडे समाचारदाता**

काठमाण्डु । एक विश्वव्यापी गतिशीलता र शहरी सेवा प्लेटफर्म इन्ड्राइभ, नेपालमा द्रूतगतिमा बढिरहेको छ। यसमा तपाईंले उचित मूल्यको अफर गर्न सक्नुहुन्छ । इन्ड्राइभले नेपालमा उचित मूल्यमा सवारी र डेलिभरी समेत प्रदान गर्दछ।

इन्ड्राइभ(एपीएसी) का मार्केटिङ डाइरेक्टर नतालियामा कारेन्कोले भनिन् "हामी नेपालीबजारमागतिशीलताअभिवृद्धि गर्न प्रतिबद्धछौं । हाम्रा सेवाहरूलाई अझ राम्रो बनाउन र नेपालमा जनताको आवश्यकता अनुसार थप सुविधाहरू ल्याउन प्रतिबद्ध छौं। हाम्रो प्लेटफर्ममा हरेक दिन हजारौं सवारीहरू भइरहेका छन्।हामीले नेपालकायात्रुहरूबाट सकारात्मक प्रतिक्रिया पाइरहेका छौं। सन २०२३ माहामीअघिल्लो वर्षको तुलनामा २००प्रतिशतको वृद्धि र सन २०२४ को पहिलो छ महिनामा, इन्ड्राइभले सवारीहरूमा ४६प्रतिशत वृद्धि रेकर्ड गरेको छ। हाम्रो वृद्धि मेट्रिक्सले हाम्रा प्रयोगकर्ताहरू र चालकहरूले हामी माथि राखेको विश्वासलाई प्रतिबिम्बित गर्दछ । हामी हाम्रा सेवाहरू बृद्धि गर्न, सुरक्षा सुनिश्चित गर्न र हामीले सेवा गर्ने समुदायहरूमा सकारात्मक योगदान दिन समर्पित छौं।"

नतालियाले थपिन, "हामी नेपालमा इन्ड्राइभ डेलिभरीको सुरुवात भएको घोषणा गर्न पाउँदा उत्साहित छौं । सेवाले बुकिङको दिनमा २० किलो वा सो भन्दा कम तौलका पार्सलहरूको अन्तिम माइल डेलिभरीमा मद्दत गर्नेछ । इन्ड्राइभ डेलिभरी मार्फत, हामी नेपालका साना व्यवसाय र व्यक्तिहरूले सामना गर्ने लजिस्टिकचुनौतीहरूको सामनालाई समाधान गर्ने आशा राख्दछौं।

नयाँ सुरक्षा सुविधाहरूमा लगनशीलताका साथ कामगर्दा इन्ड्राइभले यात्रु र चालक दुवै सीटहरूबाट सुरक्षालाई प्राथमिकता दिन्छ । इन्ड्राइभसँग विभिन्न प्रविधिहरू छन्, प्रगतिमा रहेको यात्रा साझेदारी गर्ने देखि प्रत्यक्ष समर्थन सम्म एक सम्पूर्ण सुरक्षा सुइट रहेको छ। जुन तिनीहरूका प्रयोगकर्ताहरूको विशेष आवश्यकताहरूको प्रतिक्रियामा समयसँगै रोल गरिएको छ । त्यसैले यो सुरक्षा सुइट, कम्पनीको लागि महत्वपूर्ण बजार नेपालको लागि विशिष्ट छ ।

# 'बजेटमा राखिएका सुझाव सम्बोधन भएनन'

काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरुले बजेटपछिको विनियोजन विधेयकमाथि भएको छलफलमा दुबै सदनका सांसदले दिएको सुझावलाई सामावेश नगरिएको भन्दै आपत्ति जनाएका छन् । विहिबार बसेको राष्ट्रियसभाको दोस्रो बैठकमा अर्थमन्त्री वर्षमान पुनद्वारा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'विनियोजन विधेयक, २०८१ माथि बिचार गरियोस्' भन्ने प्रस्तावको छलफलको क्रममा उनीहरुले गुनासो गरेका हुन् ।




राष्ट्रियसभा सदस्य देवेन्द्र दाहालले नेपाल सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको र प्रतिनिधिसभाबाट सन्देशसहित आएको विनियोजन विधेयकमा अर्थ मन्त्रालयले सिधैँ रकम रकामन्तरण गर्ने प्रावधान रहेकाले यसलाई मन्त्रिपरिषद्ले रकमान्तरण गनुपर्ने सुझाव दिनुभयो । सांसद उर्मिला अर्यालले विनियोजन विधेयकमा बजेट कार्यन्वयनका लागि सहजीकरण गर्न वियेध आएको उल्लेख गर्दै खर्च व्यवस्थित गर्न आएको विधेयक आवश्यक र सान्दर्भिक रहेको बताउनुभयो ।

राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले बजेटको विषयमा दुबै सदनमा छलफल गर्ने र पास हुने भएकाले सांसदले जनताको भावना बुझेर विचार राखे पनि त्यो छलफलमा नसमेटिएको बताउनुभयो । "संसद्प्रति जनताको विश्वास बढेको छैन, यो प्रक्रिया बदल्नुपर्छ, सांसदको सुझाव समेट्नु पर्छ," उहाँले भन्नुभयो, "कति सांसदले बजेट अघि प्रस्ताव गर्नुभएको योजना पर्छ उहाँहरु खुसी हुनुहुन्छ तर कतिपय सांसदले प्रस्ताव गर्नुभएको योजना पास हुँदै निराश हुनुहुन्छ, प्रथामिकताको आधारमा बजेट विनियोजन हुनुपर्छ ।"

राष्ट्रियसभा सदस्य मायाप्रसाद शर्माले आयोजना कार्यान्वयनका लागि स्रोत परिचालनको आधार रहेको भन्दै कार्यान्वयन गर्ने पक्षमा विशेष ध्यान दिन आवश्यक रहेको बताउनुभयो । राष्ट्रियसभा सदस्य श्रीकृष्णप्रसाद अधिकारीले अर्थतन्त्रका सम्भावना र चुनौतीकाबीच आएको विनियोजन विधेयकको समर्थन गर्नुभएको छ । राष्ट्रियसभा सदस्य गोपाल भट्टराईले छलफलमा उठेका विषयमा संशोधन गर्नुहुन्न भन्ने चलन अन्त्य हुनुपर्ने बताउनुभयो ।

राष्ट्रियसभासदस्यविष्णुकुमारी सापकोटाले पनि विनियोजन विधेयकमा सांसदले दिएको सुझाव समावेश नहुने गरेको भन्दै आपत्ति जनाउनुभयो । राष्ट्रियसभा सदस्य तुलप्रसाद विश्वकर्माले सेवा प्रदायकलाई सहज बनाउन आएको विधेयकमा टिप्पणी गर्दै बजेट विनियोजन गर्ने क्रममा सन्तुलित रुपमा बजेट विनियोजन हुन नसकेको बताउनुभयो । राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरेले सन्तुलित रुपमा बजेट विनियोजन भएको भन्दै विधेयकको स्वागत गर्नुभयो ।रासस

# मानव–वन्यजन्तु द्वन्द्व हटाउन छलफल

गुलरिया । बर्दिया राष्ट्रिय निकुञ्जलगायत मध्यवर्ती क्षेत्रमा हुने मानव-वन्यजन्तुबीचको द्वन्द्व हटाउन वन्यजन्तु विज्ञहरुसँग छलफल गरिएको छ । मानव र वन्यजन्तुबीचको द्वन्द्व नघटेपछि बर्दिया राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया संरक्षण कार्यक्रमको संयुक्त प्रयासमा बाघ, हात्ती, चितुवा, सालक लगायतका वन्यजन्तुका विज्ञसहितको टोलीबीच गरिएको हो ।

दुईदिनसम्म चलेकोसम्मेलनमार्फत मानव-वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्न तीनै तहका सरकारबीच सहमति र सहकार्य गरी समुदायलाई संरक्षणमा सहभागी गराउनुपर्ने उपाय निकाल्ने प्रयास गरिएको बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा अशोककुमार रामले बताउनुभयो । पीडित समुदायलाई राहत सहजरुपमा गराउन सके द्वन्द्व व्यवस्थापन भई सहअस्तितव कायम गर्न सहज हुनेमा विज्ञहरु एकमत भएका छन् ।

एकअर्काको अस्तित्व स्वीकार्न नसक्दा सहअस्तित्व खल्बलिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्य बताउनुहुन्छ । वन्यजन्तुको बासस्थानमा अव्यवस्थित बसाइँसराइले एकअर्काबीच द्वन्द्व हुने गरेको उहाँको भनाइ छ । वन्यजन्तु जङ्गलमै बस्ने भए पनि कहिलेकाहीँ जङ्गलसँग जोडिएका बस्तीमा पुग्दा द्वन्द्वात्मक अवस्था सिर्जना हुन्छ । मानव र वन्यजन्तुबीच असमझदारी बढ्दै जाँदा मानवीय, कृषि, पशुचौपाया लगायतको क्षति हुने गरेको छ ।

मानव र वन्यजन्तुको स्वभाव फरक हुने भएकाले एकअर्काबीच सहअस्तित्व स्वीकार हुन नसकेको आचार्य बताउनुहुन्छ । विज्ञसहितको छलफलका क्रममा वन्यजन्तुको आनीवानी, मानव-वन्यजन्तु द्वन्द्वका कारण र रोक्ने उपाय, लगायतका विषयमा छलफल गरिएको राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया संरक्षण कार्यक्रमका संरक्षण अधिकृत अजित तुम्बाहाम्फेले बताउनुभयो ।

छलफल कार्यक्रममा विभिन्न निकुञ्जका संरक्षण अधिकृत, मध्यवर्ती सामुदायिक वनका अध्यक्षलगायत संरक्षणकर्मीको सहभागिता रहेको थियो । छलफलबाट द्वन्द्व न्यूनीकरणको उपाय निकालिएको अधिकृत तुम्बाहाम्फेको भनाइ छ । बर्दियामा बाघ, हात्ती, गैँडा, चितुवा लगायतका वन्यजन्तुका कारण मध्यवर्ती क्षेत्रका बासिन्दाले जनधनको क्षति व्होर्नु परेको छ । रासस


## लक्ष्मीनियाँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशित मिति – २०८१।०३।१४ गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि मिति २०८०/१२/२३ गते प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT र PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/ 02-2080/81 | Construction of Bilat Sah Ma.Vi. | Draigon - Pawan Joint Venture, Janakpurdham -16, Dhanusha | ३,८२,४०,२६४।६० |

प्रमुख प्रशासकीय अधिकृत



## श्री गुठी संस्थान

शाखा कार्यालय, जनकपुरधाम

### गुठी तैनाथी जग्गा सम्बन्धी बोलपत्र आव्हान गरिएको १५ (पन्द्रह) दिने सार्वजनिक सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८१।०३।१४

यस संस्थानको पूर्ण स्वामित्वमा रहेको ज.उ.म.न.पा. वडा नं. ४ सिट नं. १३९६-०६ कि.नं. ६५ को क्षेत्रफल ०-४-०-० गुठी तैनाथी जग्गा जुन जे जस्तो हालतमा छ सोही अवस्थामा ५ (पाँच) वर्षका लागि न्यूनतम वार्षिक बहाल रकम रु. १,००,०००।- (अक्षरमा एक लाख) मा व्यवस्था गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था वा कम्पनीहरुबाट बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. बोलपत्र फराम रु. ३०००।- (तीन हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।
३. अन्य थप जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । सम्पर्क नं. ०४१-५९०२८१

# ‘मधेश प्रदेशमा व्यापकरुपमा पर्यटकीय सम्भावना’

टुडे समाचारदाता

बर्दिबास । मधेश प्रदेशमा व्यापकरुपमा पर्यटकीय सम्भावना रहेको मुख्यमन्त्री सतीशकुमार सिंहले बताएका छन् ।



महोत्तरीको बर्दिबासमा बिहीबार होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशले मिथिला नगरपालिकाको लालगढमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले मधेश चुरे पर्वत श्रेणीबाट भारतीय सीमासम्म फैलिएको भौगोलिक विविधतायुक्त प्रदेश रहेको बताए ।

उनले भने, ‘हामीले पर्यटन प्रवर्द्धन गर्न प्रदेशका आठ जिल्लालाई चार समूहमा राखेर काम गर्ने निर्णय गरेका छौँ’, मुख्यमन्त्री सिंहले भने, ‘सम्भावित नयाँ ठाउँको पहिचान र यसअघि नै विशिष्ट महत्व बोकेका स्थलको संरक्षण र प्रवर्द्धन गरिने छन् ।’ उनले मधेशका वन, भूगोल, धार्मिकस्थल, कृषि र स्वास्थ्य पर्यटनका मुख्य क्षेत्र बन्नसक्ने उल्लेख गरे ।

‘आँखा र सर्पदंशको उपचार लिन भारतको बिहारबाट मान्छे आउँछन्, हामीले यसलाई स्वास्थ्य पर्यटनसँग जोड्न सक्नुपर्छ”, मुख्यमन्त्री सिंहले । चुरे शृंखलाका चनौटे, बेसारेसहितका उच्च डाँडालगायतका स्थान पर्यटकीय सम्भावना बोकेको ठाउँ भएको उनको भनाइ छ । जनकपुरधाम, राजविराज र सिमरासहित तीन विमानस्थललाई मुलुकका विभिन्न ठाउँसँग हवाई मार्गमा जोडेर व्यापार, व्यवसाय र पर्यटन प्रवर्द्धन गर्न सकिने उनले बताए ।

उनले भने, ‘पर्वतीय क्षेत्र अवलोकन गर्न चाहने पर्यटकलाई हाम्रा विमानस्थलबाट १० मिनटमै अवलोकन गराउन सक्छौँ’, उनले भने, ‘हामीले यसका लागि आवश्यक पूर्वाधार विकास गर्नुपर्छ ।’ विकासका सन्दर्भमा जनतामा पलाएको आशा मर्न नदिने उनले प्रतिबद्धता जनाए ।

सो कार्यक्रममा आयोजकका तर्फबाट मुख्यमन्त्री सिंहलाई नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हीरालाल गौतमले अभिनन्दन पत्र प्रदान गरे ।

सो कार्यक्रममा मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति राज्यमन्त्री शारदा थापा, मिथिला नगरपालिकाका उपप्रमुख सुनितासिंह बुढाथोकीलगायतको सहभागिता रहेको थियो ।

# ग्रेडिंग हटाउँदा एसईईको नतिजा

टुडे समाचारदाता



काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले गत वर्ष सञ्चालन गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई)को बिहीबार सार्वजनिक गरेको नतिजा अनुसार कुल ४७.८६ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् ।

एक दशक पूर्व सञ्चालनमा रहेको नन् ग्रेडिंग विधि अनुसार सार्वजनिक गरिएको नतिजामा जीपीए ३.६० देखि ४ ल्याउने विद्यार्थीको संख्या ३१ हजार २ सय ९ रहेको छ । यस्तै ३.२० देखि ३.६० जीपीए ल्याउने विद्यार्थीको संख्या ६८ हजार २ सय ५६ रहेको छ । एसईई (माध्यमिक शिक्षा विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्ने व्यवस्था बोर्डले गरेको छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक र आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात १० अंक ल्याउनुपर्ने व्यवस्था गरिएको हो ।

चैत १५ गतेदेखि भएको एसईई परीक्षामा ४ लाख ६४ हजार ७ सय ८५ जना विद्यार्थी सहभागी भएका थिए । त्यस मध्ये महिला २ लाख ३१ हजार ५ सय ३ जना र पुरुष २ लाख ३३ हजार २ सय ७० जना थिए । जसअनुसार पुरुष १ लाख १४ हजार ४८ र महिला १ लाख २८ हजार २ सय ५७ जना गरी कुल २ लाख ४२ हजार ३ सय १३ जना अनुत्तीर्ण भएका छन् । बोर्डका अनुसार उत्तीर्ण हुने विद्यार्थीमध्ये १.६० बाट २ सम्म जीपीए ल्याउने ६ जना मात्र रहेका छन् ।

प्रदेशगत रुपमा कोशी प्रदेशबाट सहभागी भएका ७५ हजार ९ सय ८८ परीक्षार्थीमध्ये ३९ हजार ८ सय ९५ जना परीक्षार्थी फेल भएका छन् ।

यसैगरी मधेश प्रदेशबाट ७९ हजार ५ सय ९२ परीक्षार्थीमध्ये ४२ हजार २ सय ८६ जना फेल भएका छन् । देशभरीमा एसईईमा सहभागी परीक्षार्थी मध्ये मधेश प्रदेश दोस्रो स्थानमा रहेको थियो । बागमती प्रदेशबाट सर्वाधिक ९९ हजार ८ सय ७२ जना परीक्षार्थीले एसईई दिएका थिए ।त्यस मध्ये ३३ हजार ८ सय ४२ जना अनुत्तीर्ण भएका छन् ।

यसैगरी गण्डकी प्रदेशबाट ४० हजार ५ सय २६ जना परीक्षार्थीमध्ये २० हजार २ सय ७५ जना र लुम्बिनी प्रदेशबाट ८० हजार ३ सय २७ जना परीक्षार्थी सहभागी भएकोमा ४९ हजार २ सय २४ जना अनुत्तीर्ण भएका छन् ।

यसैगरी कर्णाली प्रदेशका ३५ हजार ३४ जना परीक्षार्थीमध्ये २० हजार ३ सय ८० जना र सुदूरपश्चिम प्रदेशबाट ५३ हजार ४ सय ४६ जना परीक्षार्थी सहभागी भएकोमा ३६ हजार ४ सय १० जना फेल भएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डले साउन १८ र १९ गते ग्रेड वृद्धि परीक्षा लिने भएको छ । दुई विषयमा नन्ग्रेड भएका विद्यार्थीलाई ग्रेड वृद्धि परीक्षामा सहभागी हुने अवसर दिएको छ । २०७१ सालदेखि ग्रेडिंग सिस्टमबाट परीक्षाको नतिजा प्रकाशित हुने गरेको थियो ।

# मनसुन सक्रियसंगै सडक कालोपत्रे काम धमाधम

टुडे समाचारदाता

बारा । मनसुन सुरु भएसंगै पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पथलैया-अम्लेखगञ्ज सडक खण्ड धमाधम कालोपत्रे गर्ने काम धमाधम भइरहेको छ । भ्याटसहित ५ करोड लगानीमा २ किलोमिटर सडक कालोपत्रे गर्ने काम भइरहेको छ ।



ठुलो बजेटमा २ किलोमिटर सडक निर्माण गर्न लागिएको भन्दै यसलाई ‘ नमुना सडक’ को नाम दिइएको छ । सडक डिभिजन कार्यालय हेटौंडा र चौधरी निर्माण सेवा जनकपुरबीच २०८० माघ २२ गते भएको ठेक्का सम्झौतामा जेठ मसान्तभित्र काम सक्नुपर्ने उल्लेख थियो । तर, ठेकेदार कम्पनीले भने सम्झौता भएको करिब ५ महिनापछि हतार हतारमा कालोपत्रेको काम भइरहेको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका सव-इन्जिनियर शंकर टंमाटाले दुई लेनको सडक खण्ड मध्ये एक लेनको काम सम्पन्न भइसकेको र बाँकी काम असार १५ गतेभित्र सम्पन्न हुने बताए ।

सामान्यतया कालोपत्रे गरेको २४ घण्टासम्म पानी पर्न नहुने नियम छ । तर मंगलबार स्थलगत रिपोर्टिंगको क्रममा ठेकेदार सडक कालोपत्रे गरेको केही घण्टा नबित्दै बारा जिल्लामा पानी परेको थियो ।

पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको यो सडक खण्डमा तीव्र गतिमा गुड्ने मालवाहक सवारी साधनका कारण सडकको अधिकांश भाग भाँसिएको छ भने साँघुरो सडकमा वार्षिक दर्जनौं मानिस तथा वन्यजन्तुले अकालमा ज्यान गुमाउने गरेका छन् ।

फिल्डमा भेटिएका चौधरी निर्माण सेवाका प्राविधिक सुमन कार्कीले २ किलोमिटर मध्ये १ हजार २ सय मिटरमा काम सकिएको र बाँकी काम केही दिनभित्र सकिने दाबी गरेका छन् ।

विकास निर्माणको क्रममा भइरहेको सडकमा विशेष प्रकारको ४० ग्रेडको बिटमिन प्रयोग गरिएको जनाएको छ । यो प्रविधिको सडक नेपालमै पहिलो भएको सडक डिभिजनको रहेको छ ।

२०२२ सालमा भारत सरकारको आर्थिक सहयोगमा निर्माण भएको पूर्व-पश्चिम राजमार्ग सामान्य मर्मत सम्भार बाहेक पुनः निर्माणको काम भएको छैन ।

सरकारले तत्कालै पथलैया-भरतपुर करिब एक सय किलोमिटर सडक खण्ड विस्तार गर्न बजेट अभाव भएको कारण देखाउँदै दुई किलोमिटर नमुनाको रूपमा निर्माण गरेको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेश प्रसाद यादवले बताए अनुसार नयाँ प्रविधिको प्रयोग गरेर सडक निर्माण काम भइरहेको छ, यसमा उच्च गुणस्तरीय भिजिट ४० को बिटमिन र अस्पतालको बिचमा फाईवरको प्रयोग गरिएकोले नमुना सडक भनिएको छ ।

सो प्रविधिको सडक नेपालमै पहिलो पटक भएको उनको भनाइ छ । पूर्व पश्चिम जोड्ने सडक खण्ड तराईको पर्सा बाहेक २१ जिल्लालाई छोएको छ । १ हजार २७ दशमलव ६७ किलोमिटर लम्बाई रहेको पूर्व-पश्चिम राजमार्ग २०२२ सालमा भारत सरकारको सहयोगमा निर्माण भएर सञ्चालनमा आएको छ ।

# बटेश्वरमा आँप मेला लाग्ने

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको बटेश्वरमा आँप मेलाको आयोजना हुने भएको छ । स्थानीय आँपको प्रवर्द्धन गर्न बटेश्वर गाउँपालिका-१, चित्रपुरस्थित स्वास्थ्य चौकी नजिक आँप मेलाको आयोजना गरिने जनाइएको छ ।



खानेपानी तथा सरसफाइ उपभोक्ता समिति लक्ष्मीनिवासले जेठ १४ गते शुक्रबार आँप मेलाको आयोजना गर्न लागेको लागिएको जनाइएको छ । स्थानीय आँपको प्रवर्द्धन तथा नयाँ पुस्तालाई आँपका प्रजाति चिनाउन मेलाको आयोजना गरिएको स्थानीय फुलगेन महतोले बताए ।

उनले मेलामा आँपका परिकार प्रदर्शनीमा राखिने, बाहिरबाट आउने विद्यार्थीलाई आँप रुखका प्रजाति चिनाउने, र मेलामा आउने अतिथिलाई निःशुल्क आँप खुवाउने कार्यक्रम राखिएको बताए ।

उनले सो आँप मेलाको उद्घाटन मधेश प्रदेश सकारका अर्थमन्त्री भरतप्रसाद साहले गर्ने योजना रहेको बताए । सो आँप मेलामा तीन सय भन्दा बढी प्रजातीको आँप प्रदर्शनीमा रहने उनले बताए ।

# भारतबाट १ लाख भारुसम्म क्यूआरबाट भुक्तानी

टुडे समाचारदाता

काठमाण्डु । नेपालीले भारत र भुटानमा क्यूआर मार्फत मासिक १ लाख भारतीय रुपैयाँसम्मको वस्तु तथा सेवा खरिदको भुक्तानी गर्न सक्ने भएका छन् ।

नेपाल राष्ट्र बैंक विदेशी विनियम व्यवस्थापन विभागले विदेशी विनिमय कारोबार गर्ने संस्थालाई जारी गरेको एकीकृत निर्देशिकामा संशोधन गर्दै सो व्यवस्था गरेको छ ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले क्यूआर लगायत विद्युतीय माध्यमबाट विदेशी मुद्रामा हुने अन्तरदेशीय रिटेल पेमेन्ट अन्तर्गतको मर्चेन्ट पमेन्टको भुक्तानी प्राप्ति र भुक्तानी जारी गर्न सक्ने व्यवस्था गरेको छ ।

भुक्तानी प्रणाली विभागले उक्त व्यवस्था नगर्दै नेपालमा भुक्तानी प्रणाली सञ्चालकहरूले भुक्तानी प्राप्त गर्न सुरु गरेका थिए ।

भुक्तानी प्रणाली विभागले भुक्तानी जारी गर्न सक्ने र विदेशी विनिमय व्यवस्थापन विभागले भारतमा क्यूआर र विद्युतीय माध्यमबाट नेपालीले गर्ने कारोबारको सीमा तोकेको छ । यससँगै नेपालीले पनि भारतमा क्यूआर मार्फत भुक्तानी गर्न पाउने छन् ।

भारतीय रुपैयाँको सटही सुविधा क्यूआर कोड र विद्युतीय माध्यमबाट भारत र भुटानमा भुक्तानी हुने गरी समेत उपलब्ध गराउने सक्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ ।

सटही सुविधा उपलब्ध गराउँदा राष्ट्रिय भुक्तानी स्वीच पूर्णरूपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको रिटेल पमेन्ट स्विचको माध्यमबाट प्रदान गर्नुपर्ने हुन्छ ।

यस्तो भुक्तानी अहिले डेबिट, क्रेडिट र प्रिपेड कार्ड लगायतका इलेक्ट्रोनिक कार्डमा मात्रै रहेकोमा अब क्यूआर कोड र अन्य विद्युतीय कारोबारमा समेत पाइने भएको छ ।

हाल कार्ड मार्फत वस्तु तथा सेवा खरिद गर्दा गरिने भुक्तानीको हकमा एकै पटक वा पटक-पटक गरी मासिक भारतीय रुपैयाँ १ लाखसम्म मात्र भुक्तानी गर्न सकिन्छ ।

सो कार्डबाट हुने भुक्तानी जस्तै क्यूआर र विद्युतीय माध्यमबाट पनि होटल, हस्पिटल (हस्पिटल र रिसर्च सेन्टर लगायत समेत) र औषधि पसलमा गरिने भुक्तानीको हकमा सीमा लागु हुने छैन ।

# मल अभाव

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाका अधिकांश गाउँमा धान रोपाइँ सुरु भए पनि मलको अभाव देखिएको छ । जिल्लामा ४२ हजार हेक्टर जमिनमा धानखेती हुँदै आएकामा पछिल्लो समय मलको अभाव रहेको गुनासो छ ।



असार लागेसँगै धनुषाका कतिपय किसानले मल बिना नै धान रोपाइँ गरिरहेका छन् ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरसँग मल पर्याप्त मात्रामा भए पनि किसानलाई उपलब्ध हुन नसकेको मनोहर यादवले गुनासो गरे । उनले असार लागेसँगै कतिपय किसानले मलबिना नै रोपाइँ गरिरहेको बताए ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयले चालु आर्थिक वर्षको साउनदेखि असारको पहिलो सातासम्म २४ करोड ४१ लाख ७३ हजार पाँच सय ५० रुपैयाँ बराबरको ९३ हजार तीन सय ३९ मेट्रिकटन मल बिक्री गरेको छ ।

नौ करोड ३३ लाख ७६ हजार एक सय ३० रुपैयाँ बराबरको पाँच हजार पाँच सय १३ मेट्रिक टन युरिया, १६ करोड ४३ लाख ४५ हजार रुपैयाँ बराबरको तीन हजार पाँच सय ७२ मेट्रिकटन डिएपी, ५७ लाख ८१ हजार सात सय रुपैयाँ मूल्य बराबरको एक सय ७० मेट्रिकटन पोटास तथा छ लाख ७२ हजार रुपैयाँ मूल्य बराबरको ८४ मेट्रिकटन चुन बिक्री गरिएको कार्यालयका प्रबन्धक बेचनकुमार महतोले बताए ।

उनका अनुसार वर्षेबालीका लागि कार्यालयसँग युरिया दुई हजार दुई सय ६२ मेट्रिकटन, डिएपी एक सय १४ मेट्रिकटन तथा पोटास ९७ मेट्रिकटन मौज्दात रहेको छ । यस वर्ष समयमा नै किसानलाई मल उपलब्ध गराइँने भन्दै मलको समस्या नरहने प्रबन्धक महतोले बताए ।

स्थानीय पालिकाले समयमा मलका लागि ढुवानी खर्च, ‘लोड’ र ‘अनलोड’ गरी बिक्री गर्ने दररेट कायम नगर्दा बिक्रेताले किसानलाई बिक्री गर्न सकेको छैन ।


भारतबाट कम गुणस्तरको मल ल्याउँदा जमिनको उत्पदान क्षमतामा ह्रास आउँदै गएको किसान यादवले बताए । कृषि सामग्री संस्थाबाट मल नपाउँदा सोनमा गाउँपालिकाका किसानले भारतीय बजारबाट बढी मूल्यमा मल ल्याएर रोपाइँ गरिरहेका उनले जानकरी दिए ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयका प्रबन्धक महतोका अनुसार किसानको आवश्यकता अनुसार सहकारीमार्फत मल बिक्री हुँदै आएको छ ।

सहजरुपमा मल पाउन गाह्रो रहेको महेन्द्रनगरका किसान रामकुमार महतोले बताए । स्थानीय तहले मल वितरण प्रणालीमा पारदर्शिता लागू नगर्दा किसानलाई समयमा मल पाउन सकस भएको उनको भनाइ छ ।

प्रदेश सरकारमार्फत पालिकाले पाएको कोटा अनुसारको मल समयमा नउठाउँदा रोपाइँको समयमा अधिकांश किसानले मल पाउन सकेका छैनन् ।

# सशस्त्र प्रहरीद्वारा हुन्डीको ३३ लाख रुपैयाँसहित ५ कारोबारी पक्राउ



टुडे समाचारदाता

रौतहट । रौतहट स्थित सशस्त्र प्रहरीले हुन्डीको ३३ लाख रुपैयाँसहित ५ कारोबारी पक्राउ गरेको छ ।

६ महिनाको अवधिमा हुन्डीको ३३ लाख भन्दा बढी रुपैयाँ बरामद सशस्त्र प्रहरीले गरेको छ भने सो संगै पाँच जनालाई पक्राउ पनि गर्न सफल भएको छ ।

सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट बंकुलको टोलीले पछिल्लो पटक गत असार ६ गते भारतबाट आउने सर्वसाधारणहरुको चेकजाँच गर्ने क्रममा बंकुल छेउबाट स्रोत नखुलेको १४ लाख ८० हजार नगदसहित हुन्डी कारोबारमा संलग्न एक जना भारतीय नागरिक लाई पक्राउ गरेको थियो ।

मोटरसाइकलको सीट मुनि लुकाएर उक्त रकम ल्याएका भारत बिहार मोतीहारी जिल्ला घोडासहन थानाक्षेत्र अन्तर्गत भारतीय हुन्डी कारीवारीलाई पक्राउ गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एस्पी विक्रम हुमागाईंले बताएका छन् ।

गत माघ ५ गते ५ लाख ९४ हजार सहित एक जनालाई मोटरसाइकल सहित सशस्त्र प्रहरीले पक्राउ गरेको थियो । २०८० पुस २० गते ५ लाख ११ हजार, ८७५ रुपैयाँसहित दुई मानिस एकथान मोटरसाइकल, सोही दिन भारतीय रुपैयाँ ५ लाख अर्थात नेपाली ८ लाख रुपैयाँसहित एक व्यक्ति पक्राउ गरेका थिए ।

त्यस्तै माघ महिना देखि असारको दोस्रो सातासम्म सशस्त्र प्रहरीले रौतहटको विभिन्न ठाउँबाट कुल ३३ लाख ८५ हजार,८७५ रुपैयाँसहित ५ जना हुन्डी कारोबारमा संलग्न मानिसलाई पक्राउका साथै उनीहरूको ३ थान मोटरसाइकल बरामद गरेको सशस्त्र प्रहरी ११ नम्बर हेक्वा रौतहटद्वारा जारी सूचनामा उल्लेख छ ।

# रामवनको बस्ती जोगाउन आग्रह

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका- ३२ स्थित रामवनको घना बस्ती जोगाउन पर्साका राजनीतिक दलहरुले आग्रह गरेका छन् ।



रामवनमा निर्माणाधीन चिडियाखाना बनाउन ११० भन्दा बढी घरहरु रहेको बस्ती हटाउन डिभिजन तथा वन कार्यालयले १५ दिने सूचना जारी गरे पछि बिहीबार पर्साका स्थानीय राजनीतिक दलका नेताहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै वस्ती जोगाउन आग्रह गरेका छन् ।

यस अघि पर्साका राजनीतिक दल सम्मिलित सर्वदलीय टोलीले रामवनमा रहेको वस्तीको अवलोकन भ्रमण समेत गरेका थिए ।

सो सर्वदलीय टोलीमा नेपाली कांग्रेसका पर्सा जिल्ला सभापति जनार्दन सिङ्ग क्षेत्री, नेकपा एमाले अध्यक्ष डा. विश्वम्भर शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी पर्साका संयोजक हरी पन्त ,जसपा पर्सा सचिब तब्रेज आलम नेकपा एसका मनोज चौधरीलागायतका राजनीति दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सो ज्ञापनपत्र बुझ्दै पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले वस्ती जोगाएर न्यून क्षतिमा समस्या समाधान गर्न पहल गरिने आश्वासन दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८